# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क ४२ पूर्णाङ्क २३२ २०७८ वैशाख १३ गते सोमबार Monday, 26 April, 2021 पृष्ठ ८ मूल्य रू. १०।–


## नेकपा (क्रान्तिकारी माओवादी) महासचिव किरणद्वारा पार्टीका पिबिएम भुपेन्द्र न्यौपानेका पिता विष्णु प्रसाद न्यौपानेको असामयिक निधनमा भावपूर्ण श्रद्धाञ्जली अर्पण



काठमान्डौ । यही ८ गते नेकपा (क्रान्तिकारी माओवादी) पोलिटब्यूरो सदस्य भुपेन्द्र न्यौपानेका पिता विष्णु प्रसाद न्यौपानेको हिजो २०७८ बैशाख ८ गते हृदयघातका कारण असामयिक निधन भएको छ । उहाँको निधनमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै नेकपा (क्रान्तिकारी माओवादी) महासचिव किरणव्दारा एक श्रद्धान्जली वक्तव्य प्रकाशित गरिएको छ । उक्त वक्तव्यको पूर्णपाठ तल दिइएकोछ -

**श्रद्धाञ्जली वक्तव्य**

साविक अछाम जिल्ला रानीवन-८ मा जन्म भई हाल बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका-१ *बाँकी ६ पेजमा*

# ओली सरकारबाट कम्युनिस्टको नाम बद्नाम



काठमाडौं । नेपालमा सामन्तवाद र साम्राज्यवादका विरुद्धको संघर्षबाट नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्ने स्थापनाकालदेखिको नेपाली कम्युनिस्ट आन्दोलनको घोषित लक्ष्य आन्दोलनको ७२ वर्षमा पनि हासिल हुन सकेको छैन । ९ बैशाख २०७८ बाट नेपाली कम्युनिस्ट आन्दोलन ७१ बर्ष पूरा गरी ७२ बर्षमा प्रवेश गऱ्यो । तर अहिले पनि नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा भएको छैन । यसबीचमा भएका विद्रोह र बलिदानका अद्वितीय कीर्तिमानहरू कायम भए तर ती सबै धोका र सम्झौतामा टुंगिए । कम्युनिस्ट आन्दोलनभित्र हुर्किएका अवसरवादी र संशोधनवादीहरूकै कारण यति लामो समयावधिमा पनि स्थापनाकालदेखिको लक्ष्य हासिल हुन सकेको छैन । दशवर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनको तागतमा सामन्तवादको नाइके राजतन्त्र समाप्त भए पनि साम्राज्यवादविरुद्धको लडाइँ पूरै बाँकी रहेको छ । साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूको असली दलालको रूपमा दलाल पुँजीपति वर्ग तथा कम्युनिस्ट आन्दोलनकै बाइप्रोडक्टको रूपमा रहेका अवसरवादी र संशोधनवादीहरू नै अहिले पनि नयाँ जनवादी क्रान्तिका मुख्य अवरोधक शक्तिको रूपमा रहेकोले तिनीहरूका विरुद्ध क्रान्तिको निशाना सोझ्याउनु पर्ने स्थिति छ ।

नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवसको अवसरमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले ऐतिहासिक महत्वको वक्तव्य जारी गरेको छ । पार्टी महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा पार्टी स्थापना दिवसको ७१ वर्षमा देखापरेका विभिन्न धारा र प्रवृत्तिहरूको उल्लेख गर्दै साम्राज्यवाद र विस्तारवादका द ल ा ल *बाँकी ४ पेजमा*

## समाचार लेखेकै आधारमा पत्रकारहरुलाई धरपकड नगर्न अदालतको आदेश

काठमाडौँ । उच्च अदालत पाटनले समाचार लेखेकै आधारमा पत्रकारहरूलाई धरपकड नगर्न महानगरीय प्रहरीलाई आदेश दिएको छ । मुख्य न्यायाधीश नृपध्वज निरौलाको इजलासले समाचारको खण्डन गरिसकेको अवस्थामा पत्रकारलाई कानुनविपरीत पक्राउ नगर्न आदेश दिएको हो ।

'समाचार प्रकाशन गर्ने संस्थासमेतबाट प्रकाशित समाचारको खण्डन गरिसकेको भन्ने हुँदा फौजदारी मुद्दाको अनुसन्धान गर्ने विषयबाहेक समाचार छापेकै आधारमा कानुनविपरीत हुने गरी धरपकड गर्ने काम नगर्नू/नगराउनू,' आदेशमा भनिएको छ ।

उज्यालो नेटवर्क डटकमले एक विवादास्पद सम्झौता भनिएको कागजात प्रकाशित गरेको थियो । उक्त अनलाइनको दाबीअनुसार प्रधानमन्त्री केपी शर्मा ओली र भारतको गुप्तचर संस्था रिसर्च एन्ड एनालाइसिङ विङ (रअ)का प्रमुख सामन्त गोयलबीच गत कात्तिकको पहिलो साता भएको भेटमा लिखित सम्झौता नै भएको थियो । अनलाइनले त्यसको अनौपचारिक अनुवाद भनी पत्रसमेत सार्वजनिक गरेको थियो । उसको समाचारलाई केही अनलाइनले पनि पत्रको फोटोसहित सार्वजनिक गरेका थिए ।

पछि त्यो पत्र फर्जी भएको पुष्टि भएपछि प्रकाशित गर्ने अनलाइनहरूले खण्डनसहित क्षमायाचना गरेका थिए । त्यस क्रममा किर्ते कागजात तयार पारेको आरोपमा महानगरीय प्रहरी अपराध महाशाखाले उज्यालो नेटवर्क डटकमका पत्रकारलाई नियन्त्रणमा लिएर केरकार गर्न खोजेको थियो । समाचारको खण्डन गरिसकेपछि पनि *बाँकी ५ पेजमा*

# पार्टी स्थापना दिवसमा नेकपा (क्रान्तिकारी माओवादी)द्वारा ऐतिहासिक महत्वको वक्तव्य जारी



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवसको अवसरमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले ऐतिहासिक महत्वको वक्तव्य जारी गरेको छ । पार्टी महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा पार्टी स्थापाना दिवसको ७१ वर्षमा देखापरेका विभिन्न धारा र प्रवृत्तिहरूको उल्लेख गर्दै साम्राज्यवाद र विस्तारवादका दलाल (नक्कली) कम्युनिस्टहरूको भ्रममा नपरी सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूलाई पार्टी स्थापाना कालदेखिको नयाँ जनवादी क्रान्तिको अभिष्ट पूरा गर्ने दिशामा मालेमावादको वैचारिक आलोकमा एकताबद्ध भएर अगाडि बढ्न अनुरोध गर्नुभएको छ ।

वक्तव्यमा भनिएको छ, 'आज नेपालमा क्रान्तिको लागि वस्तुगत परिस्थिति अनुकुल बन्दै गइरहेको छ र क्रान्ति अनिवार्य आवश्यकता बनेको छ । हामी पार्टी स्थापना दिवसको यो विशेष सन्दर्भमा इतिहासको कसीमा राष्ट्रघाती र जनविरोधी सावित भइसकेका गद्दार नेताहरू र विभिन्न रूप एवम् रङ्गका छद्म अवसरवादीहरूको पछि लागेर होइन, मालेमावादको आलोकमासम्पन्नहुनेनयाँ *बाँकी ५ पेजमा*

## अखिल (क्रान्तिकारी) कालीकोटको जिल्ला भेला सम्पन्न

*लक्ष्मण विकको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति गठन*



कालीकोट । नेकपा (क्रान्तिकारी माओवादी)समर्थित अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन(क्रान्तिकारी)कालीकोटको जिल्ला भेला जिल्ला अस्पत्ताल कालीकोटको हलमा सम्पन्न भएको छ । उक्त भेलामा कालीकोट जिल्ला सेक्रेटरी कर्णबहादुर विसिको विशेष उपस्थिति थियो भने अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य तथा कर्णाली प्रदेश संयोजक नेत्रबहादुर शाहीको प्रमुख आतिथ्यतामा भेला सम्पन्न भएको थियो । उक्त भेलाको अध्यक्षता लक्ष्मण विकले गरेका थिए ।

ज्ञात अज्ञात सहीदहरू प्रति एक मिनट मौनधारण गरी संचालन गरिएको भेलालाई सम्वोधन गर्दै कालीकोट जिल्ला सेक्रेटरी कर्णबहादुर विसिले देशको वर्तमान राजनीतिक अवस्था र एमसीसीवारे पार्टीको धारणा स्पष्ट पारेका थिए भने विद्यार्थी नेता नेत्रबहादुर शाहीले अखिलको रक्तिम झण्डामूनी आम विद्यार्थीहरूलाई गोलवन्द हुन आव्हान गरेका थिए ।

भेलाले ८ सदस्य पछि थप्नेगरी लक्ष्मण विकको अध्यक्षतामा २१ सदस्यीय जिल्ला समिति गठन गरेको छ । जसमा लक्ष्मण विक अध्यक्ष र अन्य सदस्यहरूमा रविप्रसाद देवकोटा, निरीका बम, भीम आचार्य, रमेश तिरुवा, सपना बम, अञ्जु महतारा, *बाँकी ५ पेजमा*

# रअप्रमुख गोयलसित चार बुँदे गोप्य सम्झौता गरेर ओलीले नेपाली सार्वभौमिकता कमजोर पारे : *परि थापा*




राष्ट्रघाती सन्धि सम्झौताको विरोधमा २३ दलीय मोर्चाको विरोध प्रदर्शन (फोटोफिचर)

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत २३ दलीय मोर्चाले आज एमसीसी सम्झौता लगायत राष्ट्रघाती सन्धि सम्झौताको विरोधमा प्रदर्शन गरेको छ । माइतीघर मण्डलामा सम्पन्न विरोध प्रदर्शनलाई आयोजक मोर्चाका नेताहरूले विरोध मन्तव्य राखेका छन् ।

विरोध प्रदर्शनलाई सम्बोधन गर्दै *बाँकी ५ पेजमा*

## जनसमुदाय, व्यक्तिहरु र नेतृत्व

***जनसमुदाय इतिहासका निर्माता हुन् । किनकि उनीहरू आफ्नो जीवनको उत्पादन र पुनरुत्पादन स्वयम् गर्दछन् । उनीहरू सामाजिक– आर्थिक अवस्थामा आबद्ध रहेका हुन्छन् । उत्पादन पद्धतिमा उत्पादक शक्ति र उत्पादन सम्बन्ध हुन्छन् । उत्पादन सम्बन्ध भनेको मानिसको प्रकृति र मानिसको तथा मानिसहरूबीचको आपसी सम्बन्ध हो***



● किरण ●

मानवजातिको इतिहासको निर्माणमा जनसमुदाय, व्यक्तिहरू र नेताहरू सबैको भूमिका हुन्छ। परन्तु यसमा जनसमुदायकै निर्णायक भूमिका हुन्छ। व्यक्तिहरू जनसमुदायकै इकाई हुन् र नेताहरूको जन्मदाता पनि जनसमुदाय नै हुन्। त्यसैले मानवजातिको इतिहासको निर्माता जनसमुदाय नै हुन् ।

उसो भए प्रश्न उठ्छ के जनसमुदायले, अथवा व्यक्तिहरूले स्वतन्त्र इच्छाका आधारमा इतिहासको निर्माण गर्न सक्तछन् ? यसको जवाफ छ- सक्तैनन् । किनकि इतिहास नियम शासित छ, जब मानिसले इतिहासका नियम बुझ्न सकेका हु'दैनन्, त्यो बेला पनि उनीहरूले ती नियमअनुरूप नै इतिहासको निर्माण गरेका हुन्छन् । जब उनीहरू ती नियम बुझ्न सफल हुन्छन्, त्यो बेला उनीहरूले सचेत ढंगले इतिहासको निर्माण गर्दछन् । अपितु त्यो बेला पनि उनीहरू *बाँकी ७ पेजमा*

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

### मात्र विकल्प : संघीय जनगणतन्त्र !

वैशाख ११ लाई आफूलाई लोकतन्त्रवादी भन्नेहरूले लोकतन्त्र दिवसको रूपमा मनाउने गर्दछन् । दशवर्षे जनयुद्धको जगमा भएको १९ दिने जनआन्दोलनले अढाइसय वर्षदेखिको राजतन्त्रात्मक व्यवस्थालाई ढालेर लोकतान्त्रिक गणतन्त्र स्थापित गरेको थियो । यसलाई नेपाली कम्युनिस्ट आन्दोलनभित्रको क्रान्तिकारी तप्काले मात्रात्मक परिवर्तनको रूपमा लिएको थियो र गुणात्मक परिवर्तनका लागि संघीय जनगणतन्त्र स्थापित हुनुपर्ने विचार अगाडि सारेको थियो ।

मुलुकमा लोकतान्त्रिक गणतन्त्र घोषणा हुँदै गर्दा देशका गरिखाने श्रमजीवी तथा शोषित उत्पीडित वर्ग र समुदायमा मुक्तिको ठूलो आकांक्षा पलाएको थियो । उत्साह र उत्सवको माहौल थियो । पहिलो संविधानसभा विघटन गरेपछि जनताको त्यो उत्साह र उत्सवमाथि ठूलो प्रहार भयो । र, प्रतिगमन सुरुभयो । दोस्रो संविधानसभाको चुनाव र निर्मित एक थान संविधानसम्म आइपुग्दा प्रतिगामी व्यवस्था संस्थागत हुन पुग्यो । संविधान जारी भएयता भए गरिएका ऐन कानुन निर्माणदेखि त्यसको अभ्याससम्मले यो व्यवस्था प्रतिगामी र जनताको लागि प्रतिक्रियावादी व्यवस्था नै साबित हुन पुग्यो ।

संविधान जारी भएपछि भएको चुनावमा जनताले संसदवादीहरूलाई जुन मत दिए र शासन सञ्चालनको हैसियतमा पुऱ्याए, आज त्यो मतको चरम दुरूपयोग गरेको, घोर अपमान गरेको अनुभूति जनताले गहिरोगरी अनुभूति गरेका छन् । छोटै अवधिमा अब जनताले ओली सरकार मात्रै होइन यो व्यवस्था नै बदल्नुपर्ने निकर्ष निकालेका छन् । स्वतःस्फूर्त रूपमा जनता सत्ता र व्यवस्थाका विरुद्ध सडकमा उत्रन थालेका छन् । लोकतान्त्रिक गणतन्त्र रूपी सरकार, संविधान र व्यवस्था नेपालका गरिखाने श्रमजीवी जनताको लागि नभएर यो मुठ्ठीभर दलाल पुँजीपति वर्ग र साम्राज्यवादी तथा विस्तारवादी विदेशी शक्तिहरूको लागि स्थापित भएको रहेछ भन्ने कुरा देशका आम श्रमजीवी जनताले राम्रैसँग अनुभूत गरेका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्र रूपी यो दलाल संसदीय व्यवस्थालाई फ्याँकेर संघीय जनगणतन्त्र रूपी नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्नुपर्छ भन्ने पार्टी, राजनीतिक कार्यकर्ता, बौद्धिक समुदाय तथा नागरिक समाजको आवाजले अब मूलधारको रूप लिदै गएको छ । र, जनताको घरदैलोमा यस विषयले प्रवेश पाएको छ । दशवर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन, दलित तथा महिला आन्दोलन, मुस्लिम तथा उपेक्षित एवम् सीमान्तकृत वर्गका आन्दोलनका मुद्दाहरूलाई इमान्दारितापूर्वक बोकेर हिड्नेहरू यही विचार र दृष्टिकोणका अनुयायी छन् । यो राजनीतिक धारा नै अहिलेको अग्रगामी र क्रान्तिकारी धारा हो । राष्ट्रिय स्वाधीनताको आन्दोलनदेखि आम जनजीविकाको समग्र आन्दोलनको वास्तविक नेतृत्व पनि यही राजनीतिक धाराले गर्दै आएको छ । साँचो अर्थमा अहिलेको व्यवस्थाको वास्तविक प्रतिपक्षको भूमिका पनि यही धाराले गर्दै आएको छ । यो राजनीतिक धारालाई अब बलियो र सशक्त बनाउन जरुरी छ । त्यसका लागि छरिएर रहेका सबै सच्चा देशभक्त र अग्रगामी तथा क्रान्तिकारी सोच विचार राख्ने राजनीतिक नेता तथा कार्यकर्ताहरूदेखि सामाजिक जीवनका सबै संस्था र व्यक्तिहरू एउटै थलोमा एकीकृत तथा ध्रुवीकृत हुन जरुरी छ । त्यसका लागि नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव समेत रहनु भएका यस राजनीतिक धाराका मूल नेतृत्व मोहन वैद्य किरणले नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवसका अवसरमा सम्पूर्ण कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकता र ध्रुवीकरणका लागि गर्नुभएको अपिल तथा आव्हानको विशेष अर्थ र महत्व रहेको छ । दलाल पुँजीवादमा आधारित वर्तमान संसदीय व्यवस्था र नेपाली कम्युनिस्ट आन्दोलनभित्रका अवसरवादी तथा संशोधनवादीहरू समेत पूर्ण रूपमा असफल बनेको र तीव्र अन्तरविरोधको माखेसाङ्लोमा परेको यो बेला छरिए रहेका सबै सच्चा देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारीहरूले नेपाली नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गरी वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्न अब एकताबद्ध बन्न जरुरी छ । यो नै अहिलेको ऐतिहासिक आवश्यकता बन्न गएको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# कसरी लिन्छन् धर्मलाई क्रान्तिकारी कम्युनिस्टहरुले ?



● लोकनारायण सुवेदी ●

***मार्क्सवादले इतिहासको बैज्ञानिक ढंगले बिश्लेषण गर्दै महान समाजिक संघर्षकारूपमा धर्मको जटील भूमिकालाई देख्न र बुझ्न सक्यो । इसाइ धर्मको मूल ती जन आन्दोलनहरूमा पाइन्छ जुन बिद्रोह रोमन साम्राज्यको पत्तन पछि उठेको थियो । त्यसैगरी इस्लाम धर्मको उदयको सिलसिलामा मार्क्स र एगेल्स 'बेदुइहरू' र 'नागर' जनका बीचका आन्तरिक संघर्षहरू र अबिशिनियावाट अरब प्रायद्वीप मुक्त गराउने तथा लामो समयदेखि निष्कृय भएको ब्यापारिक बटो फेरि कब्जा गर्ने बढ्दो अरब जातिय चेतनालाई रेखाकित गरेका छन् । त्यसैगरी 'प्रोटेस्टान्ट' धार्मिक सुधार मतको उदयलाई पतनशील सामन्ती ब्यवस्था र उदीयमान पूँजीपति बर्ग बीच चलिरहेको जटील बर्ग संघर्षको अभिब्यक्तिको रूपमा हेरिएको थियो । प्रोटेस्टान्ट धर्मप्रतिको अमिटता उदीमान पूँजीपति बर्गको अजेयतासँग गाँसिएको छ***

अरु दर्शनहरूले जस्तो संसारलाई बुझ्ने र ब्याख्या गर्ने कुरामा मात्र मार्क्सवादले आफुलाई सीमित राख्दैन । यस दर्शनले त संसारलाई आमूल परिवर्तन गरेर अग्रगामी सामाजिक रूपान्तरण गर्ने महत्वपूर्ण कुरामा सर्वाधिक जोड दिन्छ । ठीक यसै कारणले वास्तवमा अरु आफ्ना पूर्बबर्ती दर्शनहरूभन्दा मार्क्सवाद एकदमै भिन्न र बिशिष्ट छ । वास्तवमा यो एउटा रचनात्मक सामाजिक बिज्ञान हो । बिश्वको बौद्धिक बिकासको समुच्चा सम्पदाको सही अर्थमा सदुपयोग गरेर मार्क्सवादले यस्तो बैज्ञानिक सामाजिक सिद्धान्त र पद्धति मानब समाजलाई प्रदान गरेको छ जसले सामाजिक शोषण, भेदभाव, अन्याय, असमानता, अन्धबिश्वास र कुरीतिहरूलाई आमूलरूपमा बदलेर नयाँ मानव समाज निर्माणको मार्गदर्शन गर्दछ । यस प्रकार मानव समाजलाई मुक्ति, समानता र समुन्नतिका निमित्त यसले प्रष्ट दिशा निर्देश गर्दछ । अरु दर्शनहरू भन्दा यी नै कुरामा मार्क्सवाद फरक र बिशिष्ट रहेको तथा ज्ञान र ब्यवहारको सही बिबेचना गर्ने बिचार हो भन्ने बिद्वानहरूले औंल्याएका छन् ।

मार्क्सवाद अर्थात मानव समाजप्रति जिम्मेवार मार्क्स र एंगेल्सका अत्यन्तै गहन,गम्भीर र जिम्मेवारीपूर्ण रचनाहरू फ्रान्सेली समाजवाद, जर्मन दर्शन र भौतिकवाद तथा अग्रेजी अर्थशास्त्रको सही किसिमको संश्लेषण र बिकास गरेर बिकसित भएको हो । रचनात्मक बिज्ञानकोरूपमा मार्क्सवादले वास्तवमा समस्त रचनात्मक चिन्तनलाई यसरी समन्वित गर्दछ । अनि यसरी शोषणमा आधारित बिश्व सामाजिक ब्यवस्थाको मात्र होइन, बरु त्यसलाई बदल्ने क्रान्तिकारी लक्षलाई साकार तुल्याउने कारबाहीलाई समेत स्पष्टरूपमा पथ प्रदर्शन गर्दछ । आफ्नो यस्तो स्वभाविक प्रकृतिबाटै यसरी मार्क्सवाद भौतिक, रचनात्मक र द्वन्दात्मक स्वभावको सामाजिक सिद्धान्त हो भन्ने कुरा एकदमै प्रष्ट हुन्छ । अतस् यो जडसुत्रवाद बिरोधी छ । यो एउटा बस्तुगत यथार्थमा आधारित बिश्व दृष्टिकोण हो जसले सामाजिक मुक्तिको परिकल्पनालाई अंगिकार र मुक्तिकामी आदर्शलाई अभिब्यक्त गर्दछ । ऐतिहासिक स्थितिमा परिवर्तन ल्याउने बिभिन्न प्रबृत्तिहरूलाई केलाउने र बुझ्ने यो एउटा प्रभावकारी र ठोस आधारमा खडा भएको सशक्त हतियार हो । यसले जनताका संघर्षहरूका कार्यक्रमगत लक्षहरूको ब्याख्या गर्दछ । अनि बदलिदा ऐतिहासिक अवस्थाहरूको आवश्यकता अनुरूप यसले आवश्यक कुरालाई स्वीकार गर्ने र आत्मसात गर्ने क्षमता राख्दछ । यही नै यो सामाजिक बिज्ञानको निरन्तरताको नियम हो ।

मानव जातिको प्रगतिको आधारमा एउटा रचनात्मक समाजिक बिज्ञानका नाताले यसरी मार्क्सवादले स्वयंलाई समृद्ध पार्दछ । यस सन्दर्भमा मार्क्स र एंगेल्सले जे भनेका छन् ती कुराहरूलाई उल्लेख र रेखाङ्कित गर्नु आवश्यक र सान्दर्भिक हुन्छ कि आजसम्मको सम्पूर्ण ज्ञानको इतिहासको सीलसीलामा धर्म बिचारधाराकै एउटा सबैभन्दा प्रभूत्वशाली तत्व बनेर आएको छ । यसकारणले शोषक तथा शोषित बर्ग बीचको संघर्षको अभिब्यक्ति पनि धार्मिकरूपमा समेत हुँदै आएको पाइन्छ । त्यसैले समाजमा आज पनि परिरहेको धर्मको प्रभावलाई बुझ्नु मार्क्सवादका लागि त्यत्तिकै प्रासांगिक हुन्छ, जति अन्य बिचारधात्मक रूपहरूलाई बुझ्नु प्रासांगिक हुन्छ । यसका अतिरिक्त धर्मको सँधै नै एउटा मानतावादी अन्तरबस्तु रहने गरेको छ । यो कुरा स्वयं मार्क्सले पनि स्वीकारेका छन् कि मानिसको हित हुने कुनै पनि कुरा उनका निमित्त पराई कुरा होइन र हुँदैन । यी नै महत्वपूर्ण कुराहरूलाई राम्ररी ध्यानमा राखेर समाजमा धर्मको भूमिका र यसबारे मार्क्सवादी अवधारणा बुझ्न र ब्याख्या गर्न सरल र सजिलो हुन्छ ।

धर्मसम्बन्धी मार्क्सवादी धारणालाई लिएर निकै ठूलो बहस लामो समयदेखि निरन्तर चल्दै आएको छ । यस क्रममा मूलतस् धर्म सम्वन्धी मार्क्सवादी अवधारणालाई जन साधारणको सामान्य धारणा सन्दर्भबाट अलग्ग गरेर र काटेर प्रस्तुत गर्ने गरिदै आएको छ । त्यसको एउटा ठोस उदाहरण हो 'धर्म जनताको अफिम हो' भन्ने उद्धरण । साच्चो र यथार्थ कुरा त के हो भने यस उदाहरणलाई मार्क्सवादका बिरुद्ध दुरूपयोग गर्नेहरूले जानीबुझिकनै त्यसको पूरा सन्दर्भ नदिई आंशिकरूपमा त्यसलाई प्रस्तुत गर्ने गर्दै आएका छन् ।

वास्तवमा बिश्वका महान दार्शनिक एवं सिद्धान्तकार कार्ल मार्क्सले स्पष्टरूपमा के भनेका छन् भने "धार्मिक पीडा एकै पटक वास्तविक पीडाको पनि अभिब्यक्ति तथा वास्तविक पीडाको बिरुद्ध बिरोध प्रदर्शन पनि हो । धर्म उत्पीडित प्राणीको चित्कार९आह० हो । एउटा हृदयहीन संसारको हृदय हो, त्यसरी नै जसरी कुनै आत्मबिहीन स्थितिको त्यो आत्मा हो । त्यो जनताको अफिम हो ।"९ धर्म मार्क्स एंगेल्स स् हेगेलको अधिकार सम्बन्धि दर्शनको आलोचनामा योगदान, पृष्ठ ५१० धर्म यदि अफिमै हो भने पनि त्यो यस कारणले कि त्यसमा एउटा काल्पनिक संसारमा मानिसलाई लैजाने अद्भूत क्षमता हुन्छ, जस्तो ब्यक्तिलाई लठ्ठ पार्ने क्षमता अफिममा हुन्छ । कुनै पनि उत्पीडनका निमित्त धर्मले एउटा काल्पनिक संसारमा मानिसलाई लैजाने त्यस्तै क्षमता हुन्छ जस्तो क्षमता अफिमा हुन्छ । कुनै पनि उत्पीडितका लागि धर्मले एउटा काल्पनकि राहतको रूपमा पलायनको बाटो प्रस्तुत गर्दछ । त्यसको लागि एउटा हृदयहीन संसारमा हृदय,एउटा आत्माबिहीन स्थितिमा आत्मा जुटाइदिन्छ । ठीक यही कारणले धर्म त्यो अफिम हो जसको जनताले स्वयं आफुलाई भुल्याउनका निमित्त आवश्यकता पर्दछ र त्यसबेलासम्म आवश्यकता पर्दछ जबसम्म जनता यस्तो स्थितिमा फसेका हुन्छन् । जुन कुरा उनीहरूलाई आफ्नो ज्ञान र नियन्त्रणभन्दा बाहिरको हो भन्ने लाग्दछ । वास्तवमा एंगेल्सले त कतिसम्म लेखेका छन् भने सम्पूर्ण धर्म मानिसको दैनन्दिन जीन्दगीलाई नियन्त्रित गर्ने शक्तिहरूको मानिसहरूको मानसपटलमा बनेको काल्पनिक प्रतिबिम्ब बाहेक अरु केही होइन । ९ड्यूहरिंग मत खण्डन०

वास्तवमा सारतस् धर्मको मार्क्सवादी अवधारणा त्यसको समग्र दार्शनिक आधारसँग जोडिएको छ । मानिसको साँच्चो स्वतन्त्रता तथा मुक्ति के हो,यस सोझो र महत्वपूर्ण प्रश्नको उत्तरको खोजी गर्दै कार्ल मार्क्सले के बिचार गरे भने क्रान्तिको हेगेलबादी बिचारलाई छोडिदिनु पर्दछ । उनको समयमा त्यस बिचारको प्रतिनिधित्व फायरबाखले गर्दथे । मार्क्सले हेगेलको त्यो बिचारलाई परित्याग गरे र उनी बहुतै महत्वपूर्ण निष्कर्शमा पुगे । त्यो निष्कर्श यस्तो थियो स् 'मानिसको चेतना समाजिक स्थितिवाट निर्धारित हुन्छ, न कि त्यसको उल्टो - मानिसको चेनताले सामाजिक स्थिति बनाउँदछ' भन्ने कुरा । मानिसको चेतनाले उसको अस्तित्वको निर्धारण गर्दैन । त्यसको बिपरीत मानिसको सामाजिक अस्तित्व नै उसको चेतनाको निर्धारक हो' ।

*(राजनीतिक अर्थशास्त्रको आलोचनाबाट)*

यस प्रकार आधारभूत महत्वको निष्कर्श निकाल्दै मार्क्स भन्दछन् स् अधार्मिक आलोचनाको आधार हो स् मानिसले धर्मको निर्माण गर्दछ । धर्मले मानिसलाई बनाउने होइन, अर्को शब्दमा, चिन्तन तथा त्यसबाट निस्कने बौद्धिक ब्यवहारको दृष्टिबाट मानवीय चेतनाका अरु प्रत्येक अभिब्यक्तिहरू झैं नै धर्म पनि मानवीय समाजिक अस्तित्वकै परिणाम हो न कि त्यसको (सामाजिक अस्तित्वको) कारण । यस अवधारणाले धर्मलाई कुनै स्वयम्भू बस्तुको रूपमा स्वीकार्दैन । धर्मलाई कुनै यस्तो बस्तु मान्दैन जुन इतिहासमा समाजको गति चालक शक्तिबाट स्वतन्त्र रहेको होस् । बस्तुतस् ठीक यसै कारणले मार्क्सवादले कोपर्निकस तथा एकलब्यको उत्पीडनको दोष धर्ममाथि थोपर्दैन । त्यसले त ती सबै धार्मिक भाषामा अभिब्यक्त सामाजिक शक्तिहरू तथा आन्दोलनहरूको स्वभाविक अभिब्यक्तिकोरूपमा लिन्छ । किनकि सम्पूर्ण ज्ञात इतिहासमा धर्म बिचारधाराको एउटा प्रभूत्वशाली तत्वको रूपमा रहेको छ । अनि जवसम्म यो बिचारधाराको रूपमा बनिरहन्छ प्रगतिशील तथा प्रतिकृयावादी बिचार शासक बर्गको निहीत स्वार्थ तथा शोषित बर्गका मागहरू सबै कुरा समानरूपले मानिसहरूको मानसपटलमा प्रतिबिम्बित भइरहनेछन् । मार्क्सवादले जहाँ सुफी, भक्ति आदि धार्मिक सुधार आन्दोलनहरूको सकारात्मक तथा प्रगतिशील अन्तरबस्तुलाई चिन्दछ त्यही तिनीहरूको सीमालाई पनि रेखांकित गर्दछ कि कसरी कुन प्रकारका आन्दोलनले धर्मका सीमाभित्र सीमित भएर परिवर्तन ल्याउन सक्तैन, जबसम्म त्यो सामजिक परिस्थितिमा परिवर्तन ल्याउन सकिदैन, जुन कुनै खाश धार्मिकरूपमा प्रभूत्वको स्थितिमा अभिब्यक्त भइरहेको हुन्छ, त्यसबेलासम्म त्यस खाश धार्मिक रूप तथा त्यससँग जोडिएका उत्पीडनलाई समाप्त पार्न सकिने छैन । यसरी धार्मिक सुधार आन्दोलनको सकारात्मक अन्तरबस्तुलाई पहिचान गर्नुका साथसाथै मार्क्सवाद धर्मको इतिहासलाई पनि मानव सभ्यता तथा त्यसै अनुरूप मानव चिन्तनको बिकासको सीमा राख्न सफल र समर्थ भएको छ । प्रष्ट छ, यसरी धर्म कुनै अलौकिक बस्तु रहेको छैन र हुँदैन ।

यस सम्वन्धमा एंगेल्सले प्रष्ट के भनेका छन् भने धर्म त्यस्तो प्रतिबिम्ब हो जसमा लौकिक शक्तिहरूले परलौकिक रूप लिन्छन् । अर्थात् परलौकिक शक्ति बन्दछन् । इतिहासको प्रारम्भमा यस्तो प्रतिबिम्ब प्रकृतिका शक्तिशरुको नै हुने गर्दथ्यो । हाम्रो आफ्नै सन्दर्भमा सूर्य,अग्नि, बायु, नाग आदिको मूर्ति पूजाको आदिम रूप देख्न र बुझ्न यसै प्रसंगमा सकिन्छ । बैदिक कर्मकाण्डहरू सारतस् यज्ञमा आधारित छन् जुन अग्नि जगाउने एउटा रूप नै हो ।

तर धेरै समय बित्न नपाउँदै प्रकृतिका ती शक्तिहरूका साथै सामाजिक शक्तिहरू पनि सक्रिय हुन थाल्दछन् । ती सामाजिक शक्तिहरू पनि मानिसका सामु प्राकृतिक शक्ति जस्तै बाहिर तथा प्रारम्भमा अगम्य लाग्ने शक्तिकै रूपमा आउँदछन् । सतही रूपमा ती शक्तिहरूमाथि पनि त्यसरी नै त्यस्तै प्रकारको प्राकृतिक आवश्यकताको रूपमा हावी रहन्छन् जसरी प्रकृतिका शक्तिहरू त्यसमाथि हावी र प्रभावी रहने गर्दै आएका थिए । ती काल्पनिक प्राणीहरूमा जो आरम्भमा केवल प्रकृतिकै रहस्यपूर्ण शक्तिलाई प्रतिबिम्बित गर्दथे,यस बिन्दूमा पुगेपछि सामाजिक गुण पैदा हुन्छ । ती इतिहासको शक्तिको प्रतिनिधि बन्दछन् । समाज बिकासको अझ अगाडिको अवस्थामा पुगेर अनेका प्रकारका देवताहरू सम्पूर्ण प्राकृतिक तथा सामाजिक गुणयुक्त एउटा सर्वशक्तिशाली इश्वरमा स्थानान्तरित हुन जान्छन् । यो इश्वर निराकार मानवकै प्रतिविम्ब हो । एकेश्वरबादको जन्म यसै प्रकारले भएको थियो । ऐतिहासिकरूपमा यो उत्तरकालीन यूनानीहरूहरूको भ्रष्ट दर्शनको अन्तिम उपज थियो । फेरि त्यसले यहुदीहरूको बिशिष्ट जातिय देवता 'जेहोवा' को रूपमा अबतार लियो । यो सुविधाजनक, शुद्ध र सार्बभौकिरूपले संयोजनीय रूपमा ती बाह्य प्राकृतिक तथा सामाजिक शक्तिहरूकासाथ जसले तिनमाथी शासन गर्दछ, मानिसको तत्कालीन अर्थात भावनात्मक सम्वन्धको रूपमा धर्म त्यतिवेलासम्म कायम रहन सक्तछ जबसम्म मानिस ती शक्तिहरूको नियन्त्रणमा बाँधिइरहेको हुन्छ । तर के कुरा बारम्बार देखिइसकिएको छ भने बर्तमान बिश्व पूँजीवादी समाजमा एउटा बाह्य शक्तिको रूपमा मानिसमाथि ती आर्थिक परिस्थितिहरूको शासन हुन्छ जसको सृष्टि स्वयं मानिसले नै गरेका छन् । उनीहरूमाथि उत्पादनका ती साधानहरूको शासन हुन्छ जसको निर्माण स्वयं उनीहरूले गरेका हुन्छन् वा गरेका छन् । यसकारण ती प्रतिबिम्बहरू परावर्तक क्रियाको वास्तविक आधार बनिरहन्छन् जसले धर्मलाई जन्म दिन्छ । अनि त्यसको साथसाथै स्वयं धार्मिक प्रतिविम्ब पनि कायम रहन्छ ।

*(ड्यूहरिंग मत खण्डन, फेडरिक एंगेल्स)*

यसरी मार्क्सवादले इतिहासको बैज्ञानिक ढंगले बिश्लेषण गर्दै महान समाजिक संघर्षकारूपमा धर्मको जटील भूमिकालाई देख्न र बुझ्न सक्यो । इसाइ धर्मको मूल ती जन आन्दोलनहरूमा पाइन्छ जुन बिद्रोह रोमन साम्राज्यको पत्तन पछि उठेको थियो । त्यसैगरी इस्लाम धर्मको उदयको सिलसिलामा मार्क्स र एंगेल्स 'बेदुइहरू' र 'नागर' जनका बीचका आन्तरिक संघर्षहरू र अबिशिनियावाट अरब प्रायद्वीप मुक्त गराउने तथा लामो समयदेखि निष्कृय भएको ब्यापारिक बटो फेरि कब्जा गर्ने बढ्दो अरब जातिय चेतनालाई रेखाकित गरेका छन् । त्यसैगरी 'प्रोटेस्टान्ट' धार्मिक सुधार मतको उदयलाई पतनशील सामन्ती ब्यवस्था र उदीयमान पूँजीपति बर्ग बीच चलिरहेको जटील बर्ग संघर्षको अभिब्यक्तिको रूपमा हेरिएको थियो । प्रोटेस्टान्ट धर्मप्रतिको अमिटता उदीमान पूँजीपति बर्गको अजेयतासँग गाँसिएको छ । (एंगेल्स स् फायरबाख)

मार्क्स र मार्क्सवादीहरूका लागि धर्म ती समाजिक परिस्थितिहरूको उपज हो जुन सामाजिक परिस्थितिमा मानिस रहेकोह हुन्छ र अहिले पनि रहिरहेको छ । धर्मको इतिहास एक अर्थमा मानवीय बिकासको इतिहासको प्रतिविम्ब पनि हो । त्यसैले चेतनाका अन्य रूपझै धर्म स्वतस् सम्पूर्ण बस्तु होइन, वास्तविक संसारको नै प्रतिविम्ब हो । जबसम्म मानिसले प्रकृतिका शक्ति र सामाजिक शक्तिहरू जसले उनीहरूको दैनिक अस्तित्वलाई निर्धारण गर्दछन्, तथा उनीहरूको भाग्यलाई सञ्चालन गर्दै रहेको देखिन्छ, लाई बुझ्दैनन् एउटा अलौकिक तथा संसार बाहिरको सत्ताको कल्पनाको आवश्यकता भइरहन्छ । यसरी धर्मले मानिसहरूको लागि राहत, सौर्न्दर्य र आश्वासनको यस्तो एउटा संसार बसाइदिन्छ जुन कुरा मानिसले आफ्नो वास्तविक जीवनमा प्राप्त गर्ने *बाँकी ७ पेजमा*

# वर्ग र जातिबीचको अन्तरसम्बन्ध



● प्रा. डा. ओम गुरूङ ●

***विभिन्न जातीय संगठनहरूका साथै जनजातिका साझा प्रतिनिधिमूलक संगठन नेपाल आदिवासी जनजाती महासंघको निर्माण भयो । महासंघले जनजातिका भाषा संस्कृतिको विकास संरक्षण र संबर्द्धन, धर्म निरापेक्षता, प्राकृतिक श्रोत माथिको अग्राधिकारको मुद्दा उठाएर संगठित रूपमा जनजाति आन्दोलन सुरु गर्यो । यसबाट सशंकित भएका हिन्दु राज्यसत्ता र राजनीतिक दलहरूले पनि आफ्नो संगठन र शक्ति बलियो बनाउने उद्देश्यले जनजातिहरूलाई विभिन्न संगठनमार्फत गोलबन्द गर्न थाले***

***प्रस्तावना***

प्रस्तुत लेखको बिषयबस्तु सुरु गर्नु भन्दा पहिले म संक्षेपमा वर्ग र जाति सम्बन्धि अवधारणा बारे केही कुरा प्रकाश पार्न चान्हान्छु. । वर्ग र जाति दुइ भिन्न भिन्न अवधारणाहरू हुन । बर्ग आर्थिक अवधारण हो । मार्क्सका अनुसार बर्ग साझा आर्थिक स्वार्थ बोकेका मानव समुह हुन्, जस्को निर्माण उत्पादनको साधनसंगको सम्बन्धले निर्धारण गर्दछ । समाजमा दुइवटा बर्ग हुन्छन । एउटा हुने खाने वा पुँजीपति वर्ग र अर्को केही नहुने वा गरिब बर्ग । यी दुइ बर्गका बीच जहिले पनि अन्तर संघर्ष चलिरहन्छ । पुँजीपति बर्गको उदेश्य जहिले पनि नाफा कमाउनु रहन्छ भने श्रमिक बर्गको उदेश्य जतिसक्यो त्यति धैरै ज्याला बढाउनु हुन्छ । यी दुइ वर्ग बिचको परस्पर बिरोधी स्वार्थका कारण पुँजिवादी समाजमा बर्ग संघर्ष चलि चलिरहन्छ.। बर्ग संघर्षको भौतिकबादी नियम अनुसार बर्ग संघर्षको लडाईमा सर्बहारा बर्गले पुँजिपति वर्गमाथि सदा बिजय प्राप्त गर्दछ ।

जाति सांस्कृतिक अवधारणा हो । जाति साझा भाषा, साझा भूगोल, साझा संस्कृति, साझा अर्थ व्यवस्था, साझा इतिहास र साझा मनोविज्ञानमा आधारित मानव समुदाय हुन् । जाति वा राष्ट्रको विकास सामन्तवादी समाजको एउटा परिवेशमा भएको हो । लेनिनले जातिलाई राष्ट्र वा राष्ट्रीयता भनेका छन् । स्टालिनले जाति वा राष्ट्रलाइ माथि उल्लेख गरिएको विशेषताका आधारमा ऐतिहासिक रूपमै निर्मित स्थिर समुदाय भनी ब्याख्या गरेका छन् । स्टालिनले यी समुदायको विकास सामन्तवाद र पुँजिवादी राज्य निर्माणको क्रममा भएको ऐतिहासिक तथ्य प्रस्तुत गरेका छन् ।

जाति र जातलाई पर्यायवाची शब्दको रूपमा हेर्ने र बुझ्ने पनि गरिन्छ । तर जाति र जात पर्यायवाची शब्द होइनन । झट्ट हेर्दा र सुन्दा जाति र जात उस्तै उस्तै लागेपनि जाति र जातबीच गुणात्मक भिन्नता छ । जात हिन्दु बर्ण ब्यबस्थामा आधारित सामाजिक-सांस्कृतिक समुदाय हो । चोखो-जुठो, उच-निच, ठुलो-सानो जात प्रथाका बिशेषताहरू हुन् । यि बिशेषताहरू अत्यन्त विभेदकारी छन् । यि बिशेषताहरूका आधारमा एउतै जाति वा समुदायका मानिसहरूबीच पनि जातीय विभेद र सामाजिक बहिस्करण हुने गर्दछ । तर जातिमा ति बिशेशताहरू पाइदैन र एउतै जाति वा समुदायका मानिसहरूबीच जातीय विभेद र सामाजिक बहिस्करण हुदैन ।

जति र बर्ग भिन्न भिन्न परिबेशमा विकास भएको भएतापनि यी दुइबीच द्वन्दात्मक सम्बन्ध छ । त्यसैले मार्क्सवादीहरूले जातीय वा रास्ट्रिय सवाललाई बर्गीय सवाल संगै जोडेर हेर्ने गर्दछन । भाषा, भूगोल, आर्थिक जीवन तथा संस्कृति र साझा मनोविज्ञान लगायतका भएको बिशेषताहरूमा रहेको भिन्नता नै हिजो जातीय अन्तर्विरोधका आधार थिए र आज नेपाल लगायत संसार भरी जुन जातीय अन्तरविरोध विद्यमान छन् तिनका आधार पनि तिनै हुन् । ती अन्तर्विरोधको एउटा समाधान राष्ट्रिय-राज्यको निर्माण हो । विशेषगरी सोभियत संघको निर्माण पछि विश्वका जुन जुन मुलुकहरूमा राष्ट्रिय राज्यहरू बने ती देशहरूमा जातीय अन्तर्विरोध समाधान भए । विश्वका बाँकी थुप्रै देशहरूमा जातीय उत्पीडनको स्थिति आज पनि विकराल अवस्थामा रहेको छ । यस अर्थमा जाति वा राष्ट्र इतिहासको उपज हो । यही ऐतिहासिक तथ्यको आधारमा स्टालिनले जाति वा राष्ट्रलाई इतिहासले निर्माण गरेको स्थिर समुदाय मानेका हुन् ।

***जाति वा राष्ट्र सम्बन्धि बुर्जुवा विद्वानहरूको विचार***

युरोप तथा अमेरिकाका रेनन, म्याक्स वेबर, अर्नेस्ट गेल्लनर, एलि केदोरी, वाकर कोनोर, अन्थोनी गिद्देन र अन्थोनी स्मिथ जस्ता पुँजिवादी बुर्जुवा विद्वानहरूले जाति वा राष्ट्र निर्माणको बर्गीय आधारलाइ स्वीकार गर्दैनन् र उनीहरूले भौतिकवादी दृष्टिकोणको ठाउमा जाति वा राष्ट्र निर्माणका आदर्शवादी विचार अघि सारेका छन् । उनीहरूले जाति वा राष्ट्रलाइ भावनात्मक रूपमा ब्याख्या गरी मानसिक चेतना, विचार, भावाना र संस्कृतिलाई जाति वा राष्ट्र बिकासको मूल अधार मान्दछन् । उनीहरूले वर्गसंग जाति वा राष्ट्रको कुनै सम्बन्ध देख्दैनन् र उनीहरू जाति वा राष्ट्रलाइ बिशुद्ध भावनात्मक कुरो ठान्दछन । त्यसैले उनीहरूका लागि व्यक्तिको भावना र चाहना नै जातीय एकताको झण्डामा गोलबन्द गराउने वा फुटाउने मुख्य तत्व हो । तर मार्क्सवादीहरू मानिस बिचको सामाजिक एकताको आधार पनि बर्गीय नै हुन्छ भन्ने ठान्दछन् ।

जाति वा राष्ट्रको आदर्शवादी बिचारले १९सौ र २०सौ सताब्दीको समग्र समाज बिज्ञानलाइ प्रभावित पार्यो । बिशेष गरेर शीतयुद्ध कालिन समयमा कम्युनिस्ट विचार माथि पुँजिवादी बिचारको बिजय गराउन त्यस्ता पुँजिवादी बिचारको ब्यापक प्रचार प्रसार गरियो । त्यसकारण बुर्जुवा विद्वानहरूले मार्क्सवादमाथि सशक्त प्रहार गर्नु कुनै अनौठो कुरो थिएन । तर उदेक लाग्दो कुरो त के थियो भने आफुलाई कम्युनिस्ट ठान्ने यूरोप तथा अमेरिकाका बामपन्थी विद्वानहरूले पनि जाति वा राष्ट्रको सवाललाई मार्क्सले सम्बोधन गर्न असफल भएका छन् भन्ने आरोप लगाएका छन् । यस्ता आरोप लगाउने बामपन्थी विद्वान बुद्धिजीवीहरूमा टम नैरन, बेनेदिक्त एन्डरसन, अर्नेस्टो लाकलौ, एफ्रिम निम्नी र होरास डाविस आदि पर्दछन । मार्क्सवाद भित्रकै यी बुद्धिजीवीहरूको साझा कुरा भनेको जाति वा राष्ट्रको आदर्शवादी अवधारणा हो ।

***जाति वा राष्ट्र सम्बन्धि शास्त्रीय मार्क्सवादहरूबाट भएको आलोचना***

पुँजिवादी बुर्जुवा विद्वानहरूलेजस्तै मार्क्सवाद भित्रकै यी बुद्धिजीवीहरूले पनि जाति वा राष्ट्रलाई वर्गरहित भावनात्मक समुदाय मान्दछन । उनीहरूका अनुसार जाति वा राष्ट्र बर्गमा भन्दा विचार र भावनामा आधारित हुन्छ । उनीहरूले मार्क्सले हरेक कुरोलाई वर्गसंग जोडेर गल्ति गरेको भनी आलोचना गरेका छन् । नैरन र बेनेदिक्त एन्डरसनले मार्क्स जाति वा राष्ट्र प्रति असम्बेदंशील र अनभिज्ञ भएकाले उनले जातीय सवाललाइ सामना गर्नुको सट्टा त्यसलाई पुरै बेवास्ता गरेका हुन् भनी आरोप लगाएका छन् । बेनेदिक्तले जाति वा राष्ट्रलाइ काल्पनिक समुदाय भनेका छन । उनको बिचारमा जाति वा राष्ट्र बस्तुगत वा वास्तविक समुदाय नभई भावनात्मक समुदाय ९क्षबनष्लभम ऋयक्कगलष्तथ० हो जुन समुदायका सदस्यले साझा भाषा, साझा संस्कृति, साझा भुमि र साझा मनोविज्ञानका आधारमा आफु त्यो समुदायको मानिस हुं भन्ने ठान्दछ । त्यसैगरी उनीहरूले मार्क्सले समाज र समुदायबीच सामाजिक सम्बन्ध गास्ने संस्कृति, विचार, भावना र चाहना जस्ता गुडी कुरालाई बर्ग र अर्थसंग जोडेका छन् भनी आलोचना गरेका छन् । यधपी यिनीहरूले आफ्नो बिचारलाई मार्क्सवाद र आदर्शवादको बैकल्पिक बिचार भनी घोषणा गरेका छन् । तर सारमा उनीहरूको आलोचनाले पनि जाति वा राष्ट्र सम्बन्धि मार्क्सवादी बिचारलाई परास्त गर्ने मुख्य उदेश्य राखेको कम्युनिस्ट बिरोधी पुजिवादी विचारको प्रहारमा योगदान पुराउने काम गरेको छ ।

***जाति वा राष्ट्र सम्बन्धि सच्चा मार्क्सवादी बुद्धिजीवीहरूको विचार***

पुँजीवादी बुद्धिजीवीहरूको आक्रमण र केही शास्त्रीय बाम बुद्धिजीवीहरूको आदर्शबादी आलोचना बिपरित सच्चा मार्क्सवाद बुद्धिजीवीहरूले जातीयता र राष्ट्रियताको सवाललाई बर्गीय सम्बन्ध बाहिर राखेर विश्लेषण गर्न सकिदैन भन्ने विचार राख्दछन । यस्ता विचार राख्ने यूरोपियन र अमेरिकी बाम बुद्धिजीवीहरूमध्ये जी. ग्लेजर, अल्बर्ट सिमान्सकी र वर्क बेर्बेरोग्लु प्रमुख मानिन्छन । उनीहरूले मानव समाज अर्थात् मानव जातिको बर्गीय बिभाजन को ऐतिहासिक जड अलग थलग हुन सक्छ, तर जाति वा राष्ट्र र वर्गको सम्बन्धलाई एक अर्कासंग अलग गर्न मिल्दैन भनेका छन् । उनीहरूका अनुसार जाति वर्ग जस्तै भौतिक जीवनसंग जोडिएको हुन्छ । जाति वा वर्ग को भौतिक बिशेषता साझा भूगोल र साझा आर्थिक जीवन हो, जसले भाषा, संस्कृति र मनोविज्ञान जस्ता साझा बिशेषता भएका समुदायहरूलाई एउटा जाति वा बर्गमा जोड्छ । जातीय सवालमा मार्क्सले विचार, भावना, चाहनालाई पनि महत्व दिएका थिए । तर ति सबैकुराको अस्तित्व कुनै न कुनै रूपमा भौतिक अवस्थासंग जोडिएको हुन्छ भन्ने मार्क्सको सिद्धान्त हो ।

मार्क्सले जातीय सवालमा कुनै ध्यान दिएनन भन्ने बुर्जुवा तथा केही बाम बुद्धिजीवीहरूको आलोचना पनि गलत हो । जी. ग्लेजर, अल्बर्ट सिमान्सकी र वर्क बेर्बेरोग्लुका अनुसार कम्युनिस्ट आन्दोलनको सुरुवात देखि नै मार्क्स र एंगेल्सले मानव समुदायको पहिचान र मौलिक अस्तित्वका पक्षमा र तिनीहरूमाथि भएको उत्पीडनको बिरुद्धमा बोल्दै र लड्दै आएका थिए । उदाहरणको लागि मार्क्सले आएरल्याण्डको रास्ट्रिय प्रश्न, भारतको स्वतन्त्रता संग्राम र एसिया तथा मध्ये पूर्वको राष्ट्रिय आन्दोलन र आत्मनिर्णयको अधिकारको बिद्रोहलाई सर्वहराबर्गले गरेका आन्दोलनका रूपमा हेरेका थिए । उनले उत्पीडित जाति वा राष्ट्रका जनतालाइ कुनैपनि किसिमको शोषण र उत्पीडनका बिरुद्ध बिद्रोह गर्ने अधिकार हुन्छ भनेका छन् । यसबाट मार्क्सले शीर्फ उत्पीडित बर्गका लागि मात्र नभई उत्पीडित जातिका लागि पनि बोल्दै र लड्दै आएका थिए भन्ने प्रमणित हुन्छ । लेनिनले उत्पीडित जाति वा राष्ट्रको आत्मनिर्णयको अधिकारलाई स्वीकार गरेका छन । लेनिनले प्रतिपादन गरेको आत्मा निर्णयको अधिकारको सिद्धान्त पछि उत्पीडित राष्ट्रहरूले आत्मनिर्णयको अधिकारलाइ पँजवादी तथा साम्राज्यवादी उत्पीडनबाट मुक्ति हुने संघर्षको रूपमा लिएका छन । स्टालिनले जाति वा राष्ट्रको अवधारणालाइ थप स्पस्ट पार्दै जाति वा राष्ट्रको विकासलाई पुँजिवादी राज्य संरचनाको ढांचा भित्र समाबेश गरेका छन् । त्यसैगरी चीनमा माओले त्यहाँका अल्पसंख्यक जातिको अस्तित्व र पहिचान जोगाउन तथा उनीहरूको हक अधिकार सुनिश्चित गर्न प्रादेशिक स्वायत्तता जस्ता बिशेष व्यवस्था गरेका छन् । यस्तो व्यवस्थाबाट कम्युनिस्ट सिद्धान्तले जातिको पहिचानको रक्षाको महत्वलाई आत्मसात गरेको प्रमाणित हुन्छ ा

***नेपालमा जातीय सवाल र कम्युनिस्ट आन्दोलन***

संसारका अन्य मुलुकहरूमा जस्तै नेपालमा पनि जाति वा राष्ट्रको विकास इतिहासको विशिष्ट परिबेशमा भएको छ । जातीय बिबिधता भएको मुलुक नेपालमा जनसंख्याको अग्रस्थान ओगटेका आदिवासी जनजातिह्रू ऐतिहसिक कालदेखि ब्यबस्थित र क्रमीक रूपमा राज्यको बिभेद र उत्पिदनबाट पिस्लिसएका छन् । यस्तो विभेद र उत्पीडनको सुरुआत अठारौ सताब्दीको मध्येकालमा गोर्खाका राजा पृथ्वी नारायण शाहले सैनिक शक्तिद्वारा नेपालको भौगोलिक एकीकरण गरेपछि भएको हो । नेपालको एकीकरणसँगै पृथ्वीनारायण शाहले सांस्कृतिक एकिकरणको रूपमा हिन्दुकरणको प्रक्रियालाई अघि सारे । यस प्रक्रिया अन्तर्गत विभिन्न जाति तथा बर्ग समुदायलाई हिन्दु धर्म, संस्कृति, चाडपर्ब, मूल्य मान्यता र सामाजिक चालचलन अगाल्न लगाइयो । हिन्दु जातिको समुदायले बोल्ने खस नेपाली भाषालाई सबै जाति/जनजातिको साझा भाषाको रूपमा बोल्न लगाईयो भने गाइलाई हिन्दु धर्मको प्रतिकको रूपमा स्विकार्न लगाइयो । राजाज्ञाको उलंघन गर्ने व्यक्ति वा समुदायलाई कानुनी कारबाहीको गर्ने व्यवस्था गरियो । यसरी हिन्दु धर्म मान्नु पर्ने, खस नेपाली भाषा बोल्नु पर्ने, तथा गाईलाई मार्न नपाइने बाध्यात्मक राज्य व्यवस्था विभिन्न जाति/जनजातिलाई हिन्दुकरणको प्रक्रियाद्वारा जबर्जस्ति रूपमा नेपालको राजनीतिक प्रक्रियामा समाहित गर्ने र आफ्नो राजनीतिक शक्ति संगठित र एकीकृत गर्ने उदेस्य पूरा गर्ने माध्यम बन्यो । कोट पर्वको हत्या काण्डपछि १९०३ मा शक्तिमा आएका जंगबहादुर राणाले १९१० को मुलुकी ऐन जारी गरी हिन्दु वर्णव्यवस्थामा नपर्ने विभिन्न जाति/जनजातिहरूलाई हिन्दु वर्णव्यवस्था अन्तर्गत विभिन्न जातमा बिभाजन गरि दिए । राणा कालमा राणा शाशकहरूले आफ्नो शाशन अवधिभर आफ्नो शाशन व्यवस्था मजबुतपार्न हिन्दु धर्म संस्कृतिलाईनै बलियो हतियारको रूपमा प्रयोग गरे । पंचायत कालमा पनि नेपाली राष्ट्रवादको नयाँ परियोजना पूर्ण गर्न राणा कालिन सामाजिक तथा राजनीतिक नीति नै अवलम्बन गरियो । राज्यले अख्तियार गरेको यस्तो नीति तथा राज्य व्यवस्था बाट नेपालका आदिवासी जनजातिहरू राज्यको चर्को विभेद र उत्पीडनको शिकार बन्न पुगे । यसरी हिन्दु वर्ण व्यवस्थाले बिभाजन गरेंको जातीय शोपन (शृंखला) र जंगबहादुर राणाको १९१० को मुलुकी ऐन नेपालमा वर्ग निर्माणको एउटा महत्वपूर्ण कारक तत्व बन्न पुगेको छ ।

नेपालमा बर्ग निर्माणको अर्को बलियो आधार उत्पादनको साधन संगको सम्बन्ध हो जुन मार्क्सवादी द्वन्दात्मक सिद्धान्तमा आधारित छ । भूमिलाई नेपालमा उत्पादनको मूख्य साधन मानिन्छ । राणा शाषनको उदयपूर्ब नेपालमा तराई मधेश र पहाडका अधिकांस कृषियोग्य जमिन आदिवासी जनजातिहरूको सामुहिक नियन्त्रण र स्वामित्वमा थियो । सामुहिक रूपमा गरिने खेति, खेतिबाट हुने उत्पादन, उत्पादनको वितरण र उपभोगनै त्यतिबेलाको आर्थिक जीवनको मुख्य आधार थियो । नेपालको एकीकरणपछि शाही राजाहरूले आफुले गोर्खा राज्यमा गाभेका राज्यका राजाहरूले गोर्खा राज्यको बिरुद्ध बिद्रोह नगरुन भन्ने उदेश्येले उनीहरूलाई खुसि बनाउन जनजाति क्षेत्रका जमिन खोसेर ति अपदस्त राज्यका राजाहरूलाई बिर्ताको रूपमा बाँडे । राना कालमा त झन् राजपरिवारका सदस्यहरू, आफ्ना भाइभारदार, धार्मिक गुरु पुरोहित, सैनिक अधिकृत, तथा आफ्ना समर्थकहरूलाई लाखौ हेक्टर जमिन बिर्ता, जागिर, रकमको रूपमा बाडियो । यसबाट नेपालमा जमिन्दार बर्गको विकास भयो । जग्गा गुमाउनेहरू जनजाती तथा अन्य समुदायका मानिसहरू भूमिहीन किसान बन्न पुगे । यसबाट भूमिमाथि आश्रित जनजाति तथा अन्य समुदायका मानिसहरूको आर्थिक जीवन कस्टकर बन्दै गयो । पंचायत कालमा लागु गरिएको भुनीति र भुमि सुधार कार्यक्रमले भूमिपुत्र जनजातिहरू कमैया, कम्लरी, हलिया, हरूवा/चरुवा जस्ता सर्बहारा बर्गमा परिणत भए ।

नेपालमा राज्यबाट निरन्तर रूपमा सामाजिक सांस्कृतिक विभेद र आर्थिक शोषणमा परेका उत्पीडित जाति/जनजातिहरूले आफ्ना हक अधिकारका लागि लामो समयदेखि बिद्रोह गरेको इतिहास छ । तर उनीहरूको बिद्रोहलाई राज्यले बलपुर्बक दबाएकोले उनीहरूको बिद्रोहले नेपालको राजनीतिक इतिहासमा खासै प्रभाव पार्न सकेन । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिब क. पुष्पलाल बाहेक अरु कम्युनिस्ट नेताहरूले पनि उत्पीडित जाति वा राष्ट्रको अधिकारको लागि खासै ध्यान दिएनन । उनीहरूले जाति र बर्गको बिच अन्तर निहित द्वन्दात्मक भौतिकबादी सम्बन्धलाई बुझ्न पनि सकेनन । त्यसैले उनीहरूले जाति र वर्गलाई एक अर्काका बिरोधि शक्ति ९बलतबनयलष्कतष्अ ायचअभक० ठान्ने र जातीय समस्यालाई साम्प्रदायिक समस्याको रूपमा बिश्लेषण गर्ने शास्त्रीय मार्क्सवादी विचार बोकेर हिडे । यस्तो बिचारले नेपालको कम्युनिस्ट आन्दोलनमा २०४०को दशकसम्म प्रभाव जमायो । यसकारण नेपालको कम्युनिस्ट आन्दोलनमा जातीय समस्या बर्गीय समस्यासंग अन्तरघुलन हुन र एक अर्काका परिपुरक बन्न सकेन ।

२०३६ सालमा सम्पन्न जनमत संग्रहपछि नेपालका आदिवासी जनजातिहरू आफ्ना हक अधिकारका लागि सल्बलाउन थालेका थिए । यसै क्रममा सिताराम तामांगको अध्यक्षतामा सर्ब जातीय अधिकार मंचको गठन भएको थियो । त्यसपछि नेकपा (मसाल) ले परि थापाको अध्यक्षतामा अखिल नेपाल जनजाति सम्म्लेलन गठन गरी जनजातिको आत्मनिर्णयको अधिकारलाई स्वीकार गरेको थियो । तर सिताराम तामांगको अध्यक्षतामा गठित सर्ब जातीय अधिकार मंचले नेपालका उत्पीडित जाति/जनजातिका अधिकारका लागि प्रभावकारी भूमिका खेल्न सकेन भने मसाल आफैले जातीय समस्यालाई साम्प्रदायिक सवालको रूपमा हेर्न थालेकोले जनजाति सम्मेलन उत्पीडित जाति/जनजाति हरूको अधिकारमुखी संगठन बन्न सकेन ।

२०४६ को प्रजातान्त्रिक आन्दोलन पछि नेपालको राजनीतिक वातावरण अलि खुला भएकोले नेपालमा उत्पीडित जातिको रूपमा रहेको आदिवासी जनजातिहरूले संगठित रूपमा आफ्ना सामाजिक सांस्कृतिक मुद्दाहरू उठाउन थाले । यस सन्दर्भमा विभिन्न जातीय संगठनहरूका साथै जनजातिका साझा प्रतिनिधिमूलक संगठन नेपाल आदिवासी जनजाती महासंघको निर्माण भयो । महासंघले जनजातिका भाषा संस्कृतिको विकास संरक्षण र संबर्द्धन, धर्म निरापेक्षता, प्राकृतिक श्रोत माथिको अग्राधिकारको मुद्दा उठाएर संगठित रूपमा जनजाति आन्दोलन सुरु गर्यो । यसबाट सशंकित भएका हिन्दु राज्यसत्ता र राजनीतिक दलहरूले पनि आफ्नो संगठन र शक्ति बलियो बनाउने उद्देश्यले जनजातिहरूलाई विभिन्न संगठनमार्फत गोलबन्द गर्न थाले । नेपालका विभिन्न राजनीतिक दलहरूमध्ये जनजातिहरूलाई संगठित र परिचालित गर्ने काममा तत्कालिन नेकपा (माओवादी) सफल भयो । अन्य राजनीतिक दलहरूको तुलनामा माओवादी जनजातिले उठाएका मुद्दाप्रति निकै संबेदनशील भएको र उनीहरूको सिद्धान्त, नीति तथा कार्यक्रम पनि जनाजति मैत्री भएकोले जनजाति समुदायको निकै ठुलो हिस्सा माओवादी प्रति आकृष्ट भएका थिए.। यसैले नेपालका आदिवासी जनजातिहरूले माओवादी जनयुद्दमा निकै ठुलो योगदान पुराए । जनयुद्दका बेला माओवादीहरूले उत्पीडित वर्ग मात्र नभएर उत्पीडित जातिलाई पनि क्रान्तिका सहकर्मीको रूपमा विश्लेषण गरेर लेनिनले जस्तै नेपालका माओवादीहरूले जातीय समता र भाषिक समानतालाई मान्यता दिदै ब्राह्मणवाद र उच्च जातीय अहंकारवादका बिरुद्द चलिराखेको जनजाति आन्दोलनलाई पनि समर्थन गरे । उनीहरूले उत्पीडित बर्गको मुक्ति सर्बहारा बर्गको अधिनायकत्वबाट सम्भव भएजस्तै उत्पीडित जातिको मुक्ति आत्म-निर्णयको अधिकारको कार्यान्वयनबाट सम्भव छ भन्ने लेनिनवादी सिद्दान्तमा जोड दिए । जनयुद्द कालमा माओवादीहरूले आत्म-निर्णयको सिद्दान्तको आधारमा विभिन्न जातीय राज्यहरूको निर्माण समेत गरे । तर २०६२/०३को जनाजन्दोलनपछि शान्ति प्रक्रियामा छिरेका माओवादी नेतृत्वको एउटा पंक्तिले जनजातिका मुद्दा राम्रोसंग किनारा लाग्न नपाउदै बिचैमा छोडी दिएर जनजातिहरूप्रति ठुलो घात गरे ।

अहिले नेपालमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) बाहेक जातीय सवालबारे स्पस्ट धाराणा भएको अन्य कम्युनिस्ट पार्टीहरू पाउन सकिन्न । यो पार्टीले जाति र बर्गको बीच द्वन्दात्मक सम्बन्ध हुन्छ भन्ने कुरालाई मान्यता दिन्छ र जनजातिहरूको मुक्तिको बाटो आत्म-निर्णयको अधिकार हो भन्ने कुरालाई स्वीकार गर्छ । नेपालमा आत्मनिर्णयको अधिकारलाइ जनजातिहरू सङ्घीय संरचना अन्तर्गत पहिचानसहितको स्वायत्त प्रदेश र स्वशाषित क्षेत्रहरूको स्थापनाद्वारा लागु गर्न चाहन्छन । जनजातिहरूको यस्तो माग र चाहनालाई नेकपा (क्रान्तिकारी माओवादी) ले सिद्धान्त र व्यवहार दुवै रूपमा स्वीकार गरेकोछ । आजभन्दा ४ वष अघि २०७४ सालमा पोखरामा सम्पन्न एकताको पहिलो अधिबेशनबाट यो पार्टीले अत्मनिर्णयको अधिकारलाई सिद्धान्ततः स्वीकारगर्दै नेपालमा उत्पीडित जातीय पहिचानका आधारमा सङ्घीय जनगणतन्त्रको स्थापना, कुनै खास उत्पीडित जाति वा भाषिक समुदायको बाहुल्य रहेका क्षेत्रमा स्वशासित इलाकाहरूको गठन र उनीहरूका भाषा, कला, संस्कृति आदिको संरक्षण तथा सम्बर्धन गरी नेपालमा जातीय अन्तर्विरोधलाई समाधान गर्ने नीति लिएको छ । साथै यो पार्टीले पोखरामा सम्पन्न अधिबेशनबाट उत्पीडित आदिवासी जनजाति, मधेशी तथा पिछडिएको क्षेत्रका जनसमुदायको पहिचान सहितको संघीयताको व्यवस्था गरिनु पर्दछ, १४ प्रदेशको संरचनालाई लागु गरिनु पर्दछ, स्वायत्त प्रदेश तथा स्थानीय निकायमा स्वायत्तता र स्वशासनको व्यवस्था गरिनु पर्दछ, कुनै पनि भाषालाई विशेषधिकार दिने मान्यतालाई खारेज गरी सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको मान्यता दिनु पर्दछ र बहुभाषिक नीति अवलंबन गर्नु पर्दछ, निर्वाचन पूर्ण समानुपातिक प्रतिनिधित्वका आधारमा गरिनु पर्दछ भन्ने नीति पारित गरेको छ । तर पार्टीभित्रका केही जातिवादी धारले जातीय सवाललाई अझैपनि बर्गसंग जोडेर हेर्न नसक्ने र केही गैर जनजाति धारले जातीय सवाललाई साम्प्रदायिक दृष्टिकोणले मात्र हेर्ने हुँदा वर्ग र जातिबीचको अन्तर सम्बन्धबारे भ्रम यथावत कायम छ. । त्यस्ता भ्रमलाई सैधान्तिक तथा बैचारिक छलफल र वादसंवादद्वारा स्पस्ट पार्नु आवश्यक छ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# टुँडिखेलमा नेपाली सेनाको तारबार हटाएर नागरिकका लागि खुला गर्न आग्रह

काठमाडौं । बृहत् नागरिक आन्दोलनले टुँडिखेलमा नेपाली सेनाको तारबार हटाएर नागरिकका लागि खुला गर्न काठमाडौं महानगरपालिकासँग आग्रह गरेको छ । लोकतन्त्र दिवसका अवसरमा सार्वजनिक अपिल जारी गर्दै नागरिक आन्दोलनले टुँडिखेल नेवाः समुदायको तिनि ख्यः (तिं ख्यः), पुरानो नाम 'तेन्दोख्यल'बाट विकसित सार्वजनिक स्थान भएको र यो समुदायकै जिम्मामा फर्काउन माग गरेको छ ।

'अरूका लागि टुँडिखेल । सेनाले आफ्नो मौजा ठान्छ, सरकारले वार्षिक कर्मकाण्ड गर्ने थलो । पहिले त्यस्तो थिएन, अब कहिल्यै त्यस्तो हुन दिनुहुँदैन,' नागरिक आन्दोलनको अपिलमा छ, 'लोकतन्त्र दिवसका अवसरमा नागरिक आन्दोलन महानगर प्रमुखलाई अपिल गर्दछ, तिनि ख्यःमा सेनाको घेराबारा हटाएर नागरिकले निस्फिक्री टहल्ने र सास फेर्ने हक सुनिश्चित



गर्नुपर्दछ । रानीपोखरीदेखि रंगशालासम्म, भृकुटीमण्डपदेखि माइतीघरसम्म पूरै तिनि ख्यः कायम गरिनुपर्दछ । लोकतन्त्र बलियो बनाउन समुदायको सम्पदा समुदायकै जिम्मा फर्काउनुपर्दछ ।'

स्वस्थ हावामा सास फेर्नु, अन्तर्संवाद चलाउनु, सार्वजनिक क्रियाकलाप गर्नु, चाडबाड मनाउनु, खेलकुद गर्नु, कलाकारिता प्रदर्शन गर्नु, राजनीतिक अन्तर्क्रिया गर्नु, विपत्मा भेला हुनु, आमसभा र भेला गर्नु सर्वसाधारणका अधिकार भएको नागरिक आन्दोलनले बताएको छ । 'सामुदायिक सम्पदा नष्ट गर्ने, खुला ठाउँलाई शासकीय र व्यापारिक लेनदेनको माध्यम बनाउने व्यक्ति/शक्तिलाई लोकतन्त्रमा कुनै स्थान हुनुहुँदैन । जनप्रतिनिधिले यो आधारभूत सत्य भुल्ने होइन, यसलाई साकार गर्न सक्नुपर्दछ,' अपिलमा छ, 'नगरलाई स्वस्थ, सुन्दर र गुणस्तरीय जीवनअनुकूल राख्ने कबोलसहित काम गर्न सक्नुपर्दछ । ठूला पक्की भवन, कालोपत्रे सडकका जालो, व्यापारिक अड्डा र कंक्रिटका स्मारकले नगर समृद्ध बन्ने होइन ।'

नागरिक आन्दोलनले हजारौँको बलिदानीबाट हासिल लोकतन्त्रको सम्मानमा 'लोकको बृहत् स्वार्थ निम्ति काठमाडौं महानगरपालिकाले तिनि ख्यःमा समुदाय र नागरिकको अधिकार स्थापित गर्न तत्काल अग्रसरता लेओस्, सांकेतिक रूपमै किन नहोस् ! र, लोकतन्त्रमा कम्तीमा पनि सार्वजनिक स्थलमाथि नागरिक स्वामित्व स्थापित हुन सम्भव छ भन्ने यथार्थ प्रदर्शित गरोस्' भन्ने अपेक्षा गरेको जनाएको छ ।

लोकतन्त्र दिवसका अवसरमा नागरिक आन्दोलनले खुला स्थानमा नागरिक पहुँच कायम गर्न, नागरिक आत्मसम्मान र स्वामित्व रक्षा गर्नका लागि नागरिक आवाज बुलन्द गर्न पनि अपिल गरेको छ ।

# नेपालको व्यापार घाटा १० खर्ब १६ अर्ब ६२ करोड




काठमाडौं । भन्सार विभागका अनुसार चालु आवको चैत मसान्तसम्म नेपालको व्यापार घाटा १० खर्ब १६ अर्ब ६२ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा व्यापार घाटा ९ खर्ब ३ अर्ब ७१ करोड रूपैयाँ रहेको थियो । आयातमा भएको उच्च वृद्धिले व्यापार घाटा चुलिएको हो । यो व्यापार घाटा अघिल्लो वर्षको तुलनामा १२.४९ प्रतिशत बढी हो ।

आयातमा उच्च वृद्धि

विभागको तथ्यांक अनुसार नेपालमा वस्तु आयातमा उच्च वृद्धि भएको छ । चैतसम्म कुल ११ खर्ब ११ अर्ब ३९ करोड रूपैयाँ बराबरको वस्तु आयात भएको छ छ । यो गत आवको यसै अवधिको तुलनामा १३.१२ प्रतिशतले बढी हो ।

गत आवमा नेपालले ९ महिनामा ९ खर्ब ८२ अर्ब ५३ करोड रूपैयाँ बराबरको वस्तु आयात गरेको थियो । चैत महिनामा मात्र नेपालले १ खर्ब ६८ अर्ब रूपैयाँ बराबरको वस्तु आयात गरेको छ । यो चालु आर्थिक वर्षको एकै महिनामा भएको उच्च आयात हो । फागुन मसान्तसम्म कुल ९ खर्ब ४३ अर्ब ९८ करोड रूपैयाँ बराबरको वस्तु आयात भएको छ ।

९ महिनाको अवधिमा नेपालले मात्र ९४ अर्ब ७६ करोड ८० अर्ब ७१ करोड रूपैयाँको निर्यात गर्न सकेको छ । यो निर्यातले नेपालको पेट्रोलियम पदार्थ आयात समेत धान्न सक्दैन । चालु आवमा वस्तु निर्यातमा गत आवको यसै अवधिको तुलनामा २०.२३ प्रतिशत बढी निर्यात भएको छ । गत आवको यसै अवधिमा वस्तु निर्यात ७८ अर्ब ८१ करोड रूपैयाँ बराबरको भएको थियो ।

नेपालको सबैभन्दा ठूलो वैदेशिक व्यापार भारतसँग रहेको छ । सोही कारण व्यापार घाटा समेत सोही मुलुकसँग बढी छ ।

तथ्यांक अनुसार ८ महिनाको अवधिमा नेपालले भारतबाट ७ खर्ब २४ अर्ब ९४ करोड रूपैयाँ बराबरको वस्तु आयात भएको छ । यसअवधिमा निर्यात भने भारतमा मात्र ६८ अर्ब ४३ करोड रूपैयाँ बराबरको भएको छ । यसले भारतसँग व्यापार घाटा ६ खर्ब ५६ अर्ब ५१ करोड रूपैयाँ देखिएको छ । यस अवधिमा चीनतर्फ मात्र ६८ करोडको सामान निर्यात हुँदा आयात भने १ खर्ब ६४ अर्ब १३ करोड रूपैयाँ बराबरको भएको छ ।

चीनसँग १ खर्ब ६३ अर्ब ३३ करोड रूपैयाँ बराबरको व्यापार घाटा देखिएको छ । अमेरिकाबाट १३ अर्ब ५२ करोडको सामान आयात हुँदा १० अर्ब १० करोड रूपैयाँ बराबरको वस्तु निर्यात भएको छ । अमेरिकासँग नेपालको कम व्यापार घाटा रहेको छ ।

# कोरोना संक्रमणका कारण संविधानसभा सदस्य मोहम्मदी सिद्दिकीको निधन

काठमाडौं । कोरोना संक्रमणका कारण संविधान सभा सदस्य मोहम्मदी सिद्दिकीको निधन भएको छ । भेरी अस्पताल नेपालगन्जमा करिव दुई सातादेखि उपचाररत उनको शनिबार बेलुकी निधन भएको हो । श्वासप्रश्वास सम्बन्धी समस्याले सिकिस्त उनको उपचारकै क्रममा शनिबार बेलुका करिव ७ बजेतिर निधन भएको अस्पतालले जनाएको छ । उनको भेरी अस्पतालको कोभिड वार्डमा उपचार भइरहेको थियो । सिद्धिकी पहिलो संविधान सभामा नेपाली कांग्रेसका तर्फबाट समानुपातिक सभासद भएकी थिइन् ।

मुस्लिम महिलाको अधिकारका निम्ती उनी लामो समयदेखी संघर्षरत एक मात्र महिला हुन् । घरभित्रै सिमित रहने मुस्लिम महिलालाई बाहिर निस्केर बोल्न सक्ने बनाउनुमा उनकै योगदान रहेको चर्चा गरिन्छ । सिद्धिकीको मुस्लिम धार्मिक परम्परा अनुसार परिवार र नेपाली सेनाको समन्वयमा अन्त्येष्टी गरिने बताइएको छ । तीव्र रूपमा फैलिएको कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या दिनहुँ बढिरहेको छ । बितेको २४ घण्टाभित्र भेरी अस्पतालमा उपचाररत अन्य ६ जना संक्रमितको मृत्यु भइसकेको छ । मृतक सबै बाँकेवासी हुन्

## ओली...

(नक्कली) कम्युनिस्टहरूको भ्रममा नपरी सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूलाई पार्टी स्थापना कालदेखिको नयाँ जनवादी क्रान्तिको अभिष्ट पूरा गर्ने दिशामा मालेमावादको वैचारिक आलोकमा एकताबद्ध भएर अगाडि बढ्न अनुरोध गर्नुभएको छ ।

वक्तव्यमा भनिएको छ, 'आज नेपालमा क्रान्तिको लागि वस्तुगत परिस्थिति अनुकुल बन्दै गइरहेको छ र क्रान्ति अनिवार्य आवश्यकता बनेको छ । हामी पार्टी स्थापना दिवसको यो विशेष सन्दर्भमा इतिहासको कसीमा राष्ट्रघाती र जनविरोधी सावित भइसकेका गद्दार नेताहरू र विभिन्न रूप एवम् रङ्गका छद्म अवसरवादीहरूको पछि लागेर होइन, मालेमावादको आलोकमा सम्पन्न हुने नयाँ जनवादी क्रान्तिको सफलताका लागि क्रान्तिकारी एकीकरण तथा ध्रुवीकरणको प्रक्रियामा सामेल भएर अगाडि बढ्न छरिएर रहेका आम क्रान्तिकारी नेता, कार्यकर्ता तथा जनतालाई हार्दिक अनुरोध गर्दछौँ ।'

२२ अप्रिल अर्थात् विश्व सर्वहारा वर्गका महान नेता लेनिनको जन्मदिनको अवसर पारेर नेपालमा कम्युनिस्ट पार्टीको स्थापना गरिएको प्रसंग उल्लेख गर्दै वक्तव्यमा पार्टी स्थापना दिनको महत्वबारे भनिएको छ, 'आज २०७८ साल वैशाख ९ गते, तदनुसार २२ अप्रिल २०२१ एउटा ऐतिहासिक महत्वको दिन हो । आजको ठीक ७१ वर्ष पहिले कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो । आज २२ अप्रिल विश्व सर्वहारा वर्गका महान् नेता लेनिनको जन्मदिन पनि हो । यसरी आजको दिनले नेपाली कम्युनिस्ट आन्दोलन मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनमा समेत विशेष महत्व राख्दछ ।'

नेपालमा भएका साम्राज्यवादी र विस्तारवादी दलाल कम्युनिस्टहरूको चर्चा गर्दै वक्तव्यमा भनिएको छ, 'अहिले नेपालमा नामधारी कम्युनिस्ट पार्टीको सरकार छ । तर विडम्बना, यही नै बेला नेपालमाथि साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप बढेर गएको छ । नयाँ नक्सामा समेटिएको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपाललाई हस्तगत गर्नेबारे ओली सरकारले भारतसँग कूटनैतिक प्रयास समेत गरेको छैन भने अर्कोतिर एमसीसी परियोजनालाई संसदबाट अनुमोदन गराई नेपालमा अमेरिकाको सैन्य अखडा स्थापना गर्न र नेपाललाई वैदेशिक शक्तिकेन्द्रहरूको रणमैदान गराउन यो सरकार उद्यत रहेको छ । महान् जनयुद्धको जग र दोस्रो जनआन्दोलनका बलमा प्राप्त जनताका जनतान्त्रिक अधिकारहरू अहिले धरापमा परेका छन् भने जनजीविकाका समस्या झनझन विकराल बन्दै गएका छन् । नवउदारवादको सिरानी हालेर तयार पारिएको साम्राज्यवादी आर्थिक नीति र त्यसैले प्रक्षेपण गरेको 'सुखी नेपाली र समृद्ध नेपाल'को नारा फोस्रो गफ बन्न गएको छ । भ्रष्टाचारको सीमा छैन र सरकारका हस्तीहरू नै यसमा संलग्न रहेका छन् । सरकार कोभिड-१९को नियन्त्रणमा समेत उदासीन रहँदै आएको छ । वस्तुतः सरकारले कम्युनिस्टको नाममा कम्युनिस्टहरूकै बदनाम गरिराखेको कुरा स्पष्ट छ ।

यस्तो छ वक्तव्यको पूर्णपाठ :

'आज २०७८ साल वैशाख ९ गते, तदनुसार २२ अप्रिल २०२१ एउटा ऐतिहासिक महत्वको दिन हो । आजको ठीक ७१ वर्ष पहिले कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो । आज २२ अप्रिल विश्व सर्वहारा वर्गका महान् नेता लेनिनको जन्मदिन पनि हो । यसरी आजको दिनले नेपाली कम्युनिस्ट आन्दोलन मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनमा समेत विशेष महत्व राख्दछ ।

नेपाली कम्युनिस्ट आन्दोलन आज ७१ वर्ष पुरा गरी ७२ वर्षमा प्रवेश गरेको छ । ७१ वर्षको लामो इतिहासमा यो आन्दोलन एकता, सङ्घर्ष र रूपान्तरणका अनेकौं श्रृङ्खला सहित संशोधनवादका विरुद्ध विद्रोह र क्रान्तिकारीहरूका बीचमा नयाँ आधारमा नयाँ एकता गर्दै अगाडि बढदै आएको छ । अर्ध-सामन्ती र अर्ध तथा नव-औपनिवेशिक अवस्थामा रहेको देशलाई नयाँ जनवादी क्रान्तिको प्रक्रियाद्वारा मुक्त गरी वैज्ञानिक समाजवाद र साम्यवादको महान् उद्देश्य पुरा गर्नका लागि नेपालमा विभिन्न समयमा जनआन्दोलन, सशस्त्र सङ्घर्ष र जनयुद्ध भएका छन् । त्याग र बलिदानले भरिपूर्ण यो लामो गौरवशाली सङ्घर्षको अवधिमा नेपाली जनताले जनमुक्ति सेनाको निर्माण र जनसत्ताको अभ्यास पनि गरेका छन् । तर, नेपाली क्रान्तिको प्रमुख बाधक रहँदैआएको दक्षिणपन्थी संशोधनवादका कारण नेपाल र नेपाली जनता दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवाद र साम्राज्यवाद तथा भारतीय विस्तारबादको शोषण तथा उत्पीडनबाट अझै पनि मुक्त भएका छैनन् ।

अहिले नेपालमा नामधारी कम्युनिस्ट पार्टीको सरकार छ । तर विडम्बना, यही नै बेला नेपालमाथि साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप बढेर गएको छ । नयाँ नक्सामा समेटिएको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपाललाई हस्तगत गर्नेबारे ओली सरकारले भारतसँग कूटनैतिक प्रयास समेत गरेको छैन भने अर्कोतिर एमसीसी परियोजनालाई संसदबाट अनुमोदन गराई नेपालमा अमेरिकाको सैन्य अखडा स्थापना गर्न र नेपाललाई वैदेशिक शक्तिकेन्द्रहरूको रणमैदान गराउन यो सरकार उद्यत रहेको छ । महान् जनयुद्धको जग र दोस्रो जनआन्दोलनका बलमा प्राप्त जनताका जनतान्त्रिक अधिकारहरू अहिले धरापमा परेका छन् भने जनजीविकाका समस्या झनझन विकराल बन्दै गएका छन् । नवउदारवादको सिरानी हालेर तयार पारिएको साम्राज्यवादी आर्थिक नीति र त्यसैले प्रक्षेपण गरेको 'सुखी नेपाली र समृद्ध नेपाल'को नारा फोस्रो गफ बन्न गएको छ । भ्रष्टाचारको सीमा छैन र सरकारका हस्तीहरू नै यसमा संलग्न रहेका छन् । सरकार कोभिड-१९को नियन्त्रणमा समेत उदासीन रहँदै आएको छ । वस्तुतः सरकारले कम्युनिस्टको नाममा कम्युनिस्टहरूकै बदनाम गरिराखेको कुरा स्पष्ट छ ।

अहिले नेपाल गम्भीर राजनीतिक सङ्कट भएर गुज्रिएको छ । वर्तमान सङ्कट संसदीय व्यवस्थाका पक्षपाती सबै राजनीतिक पार्टीहरू, स्वयम् प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थाको असफलताको स्वाभाविक परिणाम हो । यो सङ्कट यतिनै बेला विष्फोट हुनुमा मार्क्सवादको नाममा दक्षिणपन्थी संशोधनवादको अभ्यास गर्ने नक्कली कम्युनिस्टहरूको प्रतिक्रियावादी सार र त्यसैका कारण पैदा भएको सुविधा केन्द्रित अन्तर-कलहको भूमिका रहन गएको छ । नाटकीय रूपमा एमाले र माकेका बीच कथित एकता गरी नेकपा (नेकपा)को निर्माण, त्यसमा पैदा भएको पदीय भागबन्डाको झगडा तथा फुट, आपसी गालीगलौज र पछिल्लो विघटनको समग्र प्रक्रियाले नेपालमा दक्षिणपन्थी संशोधनवाद पूर्णतः असफल भएको पुष्टि हुन्छ । फेरि पनि केपी ओली, माधव नेपाल र पीके दाहालहरूले कम्युनिस्ट पार्टीको पुनर्गठन गर्ने र एकले अर्कोलाई देखाइदिने धम्की दिँदै हिँडेका छन् । यो उनीहरूको आत्मतुष्टि मात्र हो । त्यसमाथि, साम्राज्यवाद र विस्तारवादका असली सेवकहरूले कम्युनिस्ट पार्टीको पुनर्गठन गर्ने र देश र जनताको मुक्ति गर्ने जुन कुरा गर्दै हिँडेका छन् त्यो जनतालाई पुनः धोका दिने र देश लुट्ने बाहेक अरु केही होइन । यो कम्युनिस्टको माया गर्ने जनतालाई भ्रममा पार्ने चालबाजी हो ।

आज नेपालमा क्रान्तिको लागि वस्तुगत परिस्थिति अनुकुल बन्दै गइरहेको छ र क्रान्ति अनिवार्य आवश्यकता बनेको छ । हामी पार्टी स्थापना दिवसको यो विशेष सन्दर्भमा इतिहासको कसीमा राष्ट्रघाती र जनविरोधी सावित भइसकेका गद्दार नेताहरू र विभिन्न रूप एवम् रङ्गका छद्म अवसरवादीहरूको पछि लागेर होइन, मालेमावादको आलोकमा सम्पन्न हुने नयाँ जनवादी क्रान्तिको सफलताका लागि क्रान्तिकारी एकीकरण तथा ध्रुवीकरणको प्रक्रियामा सामेल भएर अगाडि बढ्न छरिएर रहेका आम क्रान्तिकारी नेता, कार्यकर्ता तथा जनतालाई हार्दिक अनुरोध गर्दछौँ ।'

# कोरोना संक्रमित पत्रकारको उपचारका क्रममा मृत्यु



दाङ । कोरोना संक्रमित पत्रकारको उपचारका क्रममा मृत्यु भएको छ । घोराही उपमहानगरपालिका वडा नं. १७ का ४० बर्षका पुरुषको काठमाडौंमा मंगलबार राति मृत्यु भएको हो ।

केही हप्ता पहिले टाइफाइड देखिएका उनमा चैत २७ गते कोरोना संक्रमण पुष्टि भएको थियो । उनी राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसोलेसनमा भर्ना भएका थिए । पछि काठमाडौं ल्याइएको थियो । उनको नाम अहिले सार्वजनिक गरिएको छैन ।

रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. - ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

# आजको ज्वलन्त राजनीतिक सवाल

*राष्ट्रिय स्वाधीनताको आन्दोलनदेखि आम जनजीविकाका समग्र आन्दोलनको वास्तविक नेतृत्व पनि क्रान्तिकारी राजनीतिक धारले गर्दै आएको छ। साँचो अर्थमा अहिलेको व्यवस्थाको वास्तविक प्रतिपक्षको भूमिका पनि यही धारले गर्दै आएको छ। यो राजनीतिक धारलाई अब बलियो र सशक्त बनाउन जरूरी छ। त्यसका लागि छरिएर रहेका सबै सच्चा देशभक्त र अग्रगामी तथा क्रान्तिकारी सोच विचार राख्ने राजनीतिक नेता तथा कार्यकर्ताहरुदेखि सामाजिक जीवनका सबै संस्था र व्यक्तिहरु एउटै थलोमा एकीकृत तथा ध्रुवीकृत हुन जरूरी छ*

● विनोद सहयात्री ●

लोकतन्त्रवादीहरूले आजको दिनलाई लोकतन्त्र पुर्नवहाली भएको दिनको रूपमा सम्झना गर्ने गर्दछन्। दशवर्षे जनयुद्धको जगमा भएको १९ दिने जनआन्दोलनले अढाइसय वर्षदेखिको राजतन्त्रात्मक व्यवस्थालाई ढालेर लोकतान्त्रिक गणतन्त्र स्थापित गरेको थियो। मुलुकमा गणतन्त्र घोषणा हुँदै गर्दा देशका गरिखाने श्रमजीवी तथा शोषित उत्पीडित वर्ग र समुदायमा मुक्तिको ठूलो आकांक्षा पलाएको थियो। उत्साह र उत्सवको माहौल थियो। पहिलो संविधानसभा विघटन गरेपछि जनताको त्यो उत्साह र उत्सवमाथि ठूलो प्रहार भयो। र, प्रतिगमन सुरुभयो। दोस्रो संविधानसभाको चुनाव र निर्मित एक थान संविधानसम्म आइपुग्दा प्रतिगामी व्यवस्था संस्थागत हुन पुग्यो। संविधान जारी भएयता भएका शासन अभ्यास, ऐन कानुन निर्माणदेखि त्यसको अभ्याससम्मले त्यही यथार्थलाई पटक पटक चरितार्थ गरिसकेको छ। संविधान जारी भएपछि भएको चुनावमा जनताले संसदवादीहरूलाई जुन मत दिए र शासन सञ्चालनको हैसियतमा पुऱ्याए, आज त्यो मतको चरम दुरूपयोग गरेको, घोर अपमान गरेको अनुभूति जनताले राम्रैसँग यसबीचमा अनुभूति गरेका छन्। छोटै अवधिमा अब जनताले सरकार मात्रै होइन यो व्यवस्थै बदल्नुपर्ने निकर्ष निकाल्न थालेका छन्। लोकतान्त्रिक गणतन्त्र रूपी सरकार, संविधान र व्यवस्था नेपालका गरिखाने श्रमजीवी जनताको लागि नभएर यो मुठ्ठीभर दलाल पुँजीपति वर्ग र साम्राज्यवादी तथा विस्तारवादी विदेशी शक्तिहरूको लागि स्थापित भएको रहेछ भन्ने




राम्रैसँग अनुभूत गरेका छन्।

आम जनताको तहमा मात्रै होइन राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक क्षेत्रका अग्रगामी सोच र चिन्तन राख्ने आम जीवनमा अहिले यही छलफल बहस चलिरहेको छ कि समस्या व्यक्तिमा होइन, व्यवस्थामै रहेछ। व्यवस्था नै खराब भएपछि व्यक्ति वा पात्र र प्रवृत्ति खराब हुनु स्वभाविक हुन जान्छ। यसर्थ, यतिबेलाको राजनीतिक डिस्कोर्सको केन्द्रीय विषयवस्तु भनेको सरकारमा पात्र बदल्ने होइन व्यवस्था बदल्ने हो।

संघीय लोकतान्त्रिक गणतन्त्र रूपी यो दलाल संसदीय व्यवस्थालाई फ्याँकेर संघीय जनगणतन्त्र रूपी नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्नुपर्छ भन्ने पार्टी, राजनीतिक कार्यकर्ता, बौद्धिक समुदाय तथा नागरिक समाजको आवाजले अब मूलधारको रूप लिदै गएको छ। दशवर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन, दलित तथा महिला आन्दोलन, मुस्लिम तथा उपेक्षित एवम् सीमान्तकृत वर्गका आन्दोलनका मुद्दाहरूलाई इमान्दारितापूर्वक बोकेर हिड्नेहरू यही विचार र दृष्टिकोणका अनुयायी छन्। यो राजनीतिक धारा नै अहिलेको अग्रगामी र क्रान्तिकारी धार हो। राष्ट्रिय स्वाधीनताको आन्दोलनदेखि आम जनजीविकाका समग्र आन्दोलनको वास्तविक नेतृत्व पनि यही राजनीतिक धारले गर्दै आएको छ। साँचो अर्थमा अहिलेको व्यवस्थाको वास्तविक प्रतिपक्षको भूमिका पनि यही धारले गर्दै आएको छ। यो राजनीतिक धारलाई अब बलियो र सशक्त बनाउन जरुरी छ। त्यसका लागि छरिएर रहेका सबै सच्चा देशभक्त र अग्रगामी तथा क्रान्तिकारी सोच विचार राख्ने राजनीतिक नेता तथा कार्यकर्ताहरूदेखि सामाजिक जीवनका सबै संस्था र व्यक्तिहरू एउटै थलोमा एकीकृत तथा ध्रुवीकृत हुन जरुरी छ। त्यसका लागि नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव समेत रहनु भएका यस राजनीतिक धाराका मूल नेतृत्व मोहन वैद्य किरणले नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवसका अवसरमा सम्पूर्ण कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकता र ध्रुवीकरणका लागि गर्नुभएको अपिल तथा आव्हानको विशेष अर्थ र महत्व रहेको छ। दलाल पुँजीवादमा आधारित वर्तमान संसदीय व्यवस्था र नेपाली कम्युनिस्ट आन्दोलनभित्रका अवसरवादी तथा संशोधनवादीहरू समेत पूर्ण रूपमा असफल बनेको र तीव्र अन्तरविरोधको माखेसाङ्लोमा परेको यो बेला छरिएर रहेका सबै सच्चा देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारीहरूले नेपाली नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गरी वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्न अब एकताबद्ध बन्न जरुरी छ। यो नै आजको ज्वलन्त विचार र राजनीतिक सवाल हो।

## अखिल...

लक्ष्मी पाण्डे, लाली बम, पदम विक, भीम केसी, नविन विक, उदेश तिरुवा रहेका छन्।

## पार्टी...

जनवादी क्रान्तिको सफलताका लागि क्रान्तिकारी एकीकरण तथा ध्रुवीकरणको प्रक्रियामा सामेल भएर अगाडि बढ्न छरिएर रहेका आम क्रान्तिकारी नेता, कार्यकर्ता तथा जनतालाई हार्दिक अनुरोध गर्दछौँ।'

२२ अप्रिल अर्थात् विश्व सर्वहारा वर्गका महान नेता लेनिनको जन्मदिनको अवसर पारेर नेपालमा कम्युनिस्ट पार्टीको स्थापना गरिएको प्रसंग उल्लेख गर्दै वक्तव्यमा पार्टी स्थापना दिनको महत्वबारे भनिएको छ, 'आज २०७८ साल वैशाख ९ गते, तदनुसार २२ अप्रिल २०२१ एउटा ऐतिहासिक महत्वको दिन हो। आजको ठीक ७१ वर्ष पहिले कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो। आज २२ अप्रिल विश्व सर्वहारा वर्गका महान् नेता लेनिनको जन्मदिन पनि हो। यसरी आजको दिनले नेपाली कम्युनिस्ट आन्दोलन मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनमा समेत विशेष महत्व राख्दछ।'

नेपालमा भएका साम्राज्यवादी र विस्तारवादी दलाल कम्युनिस्टहरूको चर्चा गर्दै वक्तव्यमा भनिएको छ, 'अहिले नेपालमा नामधारी कम्युनिस्ट पार्टीको सरकार छ। तर विडम्बना, यही नै बेला नेपालमाथि साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप बढेर गएको छ। नयाँ नक्सामा समेटिएको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपाललाई हस्तगत गर्नेबारे ओली सरकारले भारतसँग कूटनैतिक प्रयास समेत गरेको छैन भने अर्कोतिर एमसीसी परियोजनालाई संसदबाट अनुमोदन गराई नेपालमा अमेरिकाको सैन्य अखडा स्थापना गर्न र नेपाललाई वैदेशिक शक्तिकेन्द्रहरूको रणमैदान गराउन यो सरकार उद्यत रहेको छ। महान् जनयुद्धको जग र दोस्रो जनआन्दोलनका बलमा प्राप्त जनताका जनतान्त्रिक अधिकारहरू अहिले धरापमा परेका छन् भने जनजीविकाका समस्या झनझन विकराल बन्दै गएका छन्। नवउदारवादको सिरानी हालेर तयार पारिएको साम्राज्यवादी आर्थिक नीति र त्यसैले प्रक्षेपण गरेको 'सुखी नेपाली र समृद्ध नेपाल'को नारा फोस्रो गफ बन्न गएको छ। भ्रष्टाचारको सीमा छैन र सरकारका हस्तीहरू नै यसमा संलग्न रहेका छन्। सरकार कोभिड-१९को नियन्त्रणमा समेत उदासीन रहँदै आएको छ। वस्तुतः सरकारले कम्युनिस्टको नाममा कम्युनिस्टहरूकै बदनाम गरिराखेको कुरा स्पष्ट छ।

अहिले नेपाल गम्भीर राजनीतिक सङ्कट भएर गुज्रिएको छ। वर्तमान सङ्कट संसदीय व्यवस्थाका पक्षपाती सबै राजनीतिक पार्टीहरू, स्वयम् प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थाको असफलताको स्वाभाविक परिणाम हो। यो सङ्कट यतिनै बेला विष्फोट हुनुमा मार्क्सवादको नाममा दक्षिणपन्थी संशोधनवादको अभ्यास गर्ने नक्कली कम्युनिस्टहरूको प्रतिक्रियावादी सार र त्यसैका कारण पैदा भएको सुविधा केन्द्रित अन्तर-कलहको भूमिका रहन गएको छ। नाटकीय रूपमा एमाले र माकेका बीच कथित एकता गरी नेकपा (नेकपा)को निर्माण, त्यसमा पैदा भएको पदीय भागबन्डाको झगडा तथा फुट, आपसी गालीगलौज र पछिल्लो विघटनको समग्र प्रक्रियाले नेपालमा दक्षिणपन्थी संशोधनवाद पूर्णतः असफल भएको पुष्टि हुन्छ। फेरि पनि केपी ओली, माधव नेपाल र पीके दाहालहरूले कम्युनिस्ट पार्टीको पुनर्गठन गर्ने र एकले अर्कोलाई देखाइदिने धम्की दिँदै हिँडेका छन्। यो उनीहरूको आत्मतुष्टि मात्र हो। त्यसमाथि, साम्राज्यवाद र विस्तारवादका असली सेवकहरूले कम्युनिस्ट पार्टीको पुनर्गठन गर्ने र देश र जनताको मुक्ति गर्ने जुन कुरा गर्दै हिँडेका छन् त्यो जनतालाई पुनः धोका दिने र देश लुट्ने बाहेक अरु केही होइन। यो कम्युनिस्टको माया गर्ने जनतालाई भ्रममा पार्ने चालबाजी हो।'

यस्तो छ वक्तव्यको पूर्णपाठ :

'आज २०७८ साल वैशाख ९ गते, तदनुसार २२ अप्रिल २०२१ एउटा ऐतिहासिक महत्वको दिन हो। आजको ठीक ७१ वर्ष पहिले कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो। आज २२ अप्रिल विश्व सर्वहारा वर्गका महान् नेता लेनिनको जन्मदिन पनि हो। यसरी आजको दिनले नेपाली कम्युनिस्ट आन्दोलन मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनमा समेत विशेष महत्व राख्दछ।

नेपाली कम्युनिस्ट आन्दोलन आज ७१ वर्ष पुरा गरी ७२ वर्षमा प्रवेश गरेको छ। ७१ वर्षको लामो इतिहासमा यो आन्दोलन एकता, सङ्घर्ष र रूपान्तरणका अनेकौं श्रृङ्खला सहित संशोधनवादका विरुद्ध विद्रोह र क्रान्तिकारीहरूका बीचमा नयाँ आधारमा नयाँ एकता गर्दै अगाडि बढदै आएको छ। अर्ध-सामन्ती र अर्ध तथा नव-औपनिवेशिक अवस्थामा रहेको देशलाई नयाँ जनवादी क्रान्तिको प्रक्रियाद्वारा मुक्त गरी वैज्ञानिक समाजवाद र साम्यवादको महान् उद्देश्य पुरा गर्नका लागि नेपालमा विभिन्न समयमा जनआन्दोलन, सशस्त्र सङ्घर्ष र जनयुद्ध भएका छन्। त्याग र बलिदानले भरिपूर्ण यो लामो गौरवशाली सङ्घर्षको अवधिमा नेपाली जनताले जनमुक्ति सेनाको निर्माण र जनसत्ताको अभ्यास पनि गरेका छन्। तर, नेपाली क्रान्तिको प्रमुख बाधक रहँदैआएको दक्षिणपन्थी संशोधनवादका कारण नेपाल र नेपाली जनता दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवाद र साम्राज्यवाद तथा भारतीय विस्तारबादको शोषण तथा उत्पीडनबाट अझै पनि मुक्त भएका छैनन्।

अहिले नेपालमा नामधारी कम्युनिस्ट पार्टीको सरकार छ। तर विडम्बना, यही नै बेला नेपालमाथि साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप बढेर गएको छ। नयाँ नक्सामा समेटिएको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपाललाई हस्तगत गर्नेबारे ओली सरकारले भारतसँग कूटनैतिक प्रयास समेत गरेको छैन भने अर्कोतिर एमसीसी परियोजनालाई संसदबाट अनुमोदन गराई नेपालमा अमेरिकाको सैन्य अखडा स्थापना गर्न र नेपाललाई वैदेशिक शक्तिकेन्द्रहरूको रणमैदान गराउन यो सरकार उद्यत रहेको छ। महान् जनयुद्धको जग र दोस्रो जनआन्दोलनका बलमा प्राप्त जनताका जनतान्त्रिक अधिकारहरू अहिले धरापमा परेका छन् भने जनजीविकाका समस्या झनझन विकराल बन्दै गएका छन्। नवउदारवादको सिरानी हालेर तयार पारिएको साम्राज्यवादी आर्थिक नीति र त्यसैले प्रक्षेपण गरेको 'सुखी नेपाली र समृद्ध नेपाल'को नारा फोस्रो गफ बन्न गएको छ। भ्रष्टाचारको सीमा छैन र सरकारका हस्तीहरू नै यसमा संलग्न रहेका छन्। सरकार कोभिड-१९को नियन्त्रणमा समेत उदासीन रहँदै आएको छ। वस्तुतः सरकारले कम्युनिस्टको नाममा कम्युनिस्टहरूकै बदनाम गरिराखेको कुरा स्पष्ट छ।

अहिले नेपाल गम्भीर राजनीतिक सङ्कट भएर गुज्रिएको छ। वर्तमान सङ्कट संसदीय व्यवस्थाका पक्षपाती सबै राजनीतिक पार्टीहरू, स्वयम् प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थाको असफलताको स्वाभाविक परिणाम हो। यो सङ्कट यतिनै बेला विष्फोट हुनुमा मार्क्सवादको नाममा दक्षिणपन्थी संशोधनवादको अभ्यास गर्ने नक्कली कम्युनिस्टहरूको प्रतिक्रियावादी सार र त्यसैका कारण पैदा भएको सुविधा केन्द्रित अन्तर-कलहको भूमिका रहन गएको छ। नाटकीय रूपमा एमाले र माकेका बीच कथित एकता गरी नेकपा (नेकपा)को निर्माण, त्यसमा पैदा भएको पदीय भागबन्डाको झगडा तथा फुट, आपसी गालीगलौज र पछिल्लो विघटनको समग्र प्रक्रियाले नेपालमा दक्षिणपन्थी संशोधनवाद पूर्णतः असफल भएको पुष्टि हुन्छ। फेरि पनि केपी ओली, माधव नेपाल र पीके दाहालहरूले कम्युनिस्ट पार्टीको पुनर्गठन गर्ने र एकले अर्कोलाई देखाइदिने धम्की दिँदै हिँडेका छन्। यो उनीहरूको आत्मतुष्टि मात्र हो। त्यसमाथि, साम्राज्यवाद र विस्तारवादका असली सेवकहरूले कम्युनिस्ट पार्टीको पुनर्गठन गर्ने र देश र जनताको मुक्ति गर्ने जुन कुरा गर्दै हिँडेका छन् त्यो जनतालाई पुनः धोका दिने र देश लुट्ने बाहेक अरु केही होइन। यो कम्युनिस्टको माया गर्ने जनतालाई भ्रममा पार्ने चालबाजी हो।

आज नेपालमा क्रान्तिको लागि वस्तुगत परिस्थिति अनुकुल बन्दै गइरहेको छ र क्रान्ति अनिवार्य आवश्यकता बनेको छ। हामी पार्टी स्थापना दिवसको यो विशेष सन्दर्भमा इतिहासको कसीमा राष्ट्रघाती र जनविरोधी सावित भइसकेका गद्दार नेताहरू र विभिन्न रूप एवम् रङ्गका छद्म अवसरवादीहरूको पछि लागेर होइन, मालेमावादको आलोकमा सम्पन्न हुने नयाँ जनवादी क्रान्तिको सफलताका लागि क्रान्तिकारी एकीकरण तथा ध्रुवीकरणको प्रक्रियामा सामेल भएर अगाडि बढ्न छरिएर रहेका आम क्रान्तिकारी नेता, कार्यकर्ता तथा जनतालाई हार्दिक अनुरोध गर्दछौँ।'

*मिति : बैशाख ९, २०७८*
*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी)*

## समाचार...

धरपकड गर्न खोजिएको भन्दै उक्त अनलाइनले उच्च अदालत पाटनमा निषेधाज्ञाको मुद्दा हालेको हो। प्रारम्भिक सुनुवाइपछि उच्च अदालतले अन्तरिम आदेश दिएको हो। उच्च अदालतले १५ दिनभित्र लिखित जवाफ पेस गर्न पनि आदेश दिएको छ।

## रअ प्रमुख....

नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका महासचिव परि थापाले प्रधानमन्त्री केपी ओलीले भारतीय खुफिया एजेन्सी रअप्रमुख सामन्त गोयलसँग चार बुँदे गोप्य सम्झौता गरेर नेपालको सार्वभौमिकता कमजोर पारेको टिप्पणी गर्नुभएको छ। आफ्नो सत्ता टिकाउन उनले साम्राज्यवादी र विस्तारवादी शक्तिको भद्दा दलाली गरेको चर्चा गर्दै केपी ओलीको सरकार संवैधानिक, राजनैतिक र कानुनी कुनै पनि दृष्टिले वैधानिक नभएको दाबी गर्नुभयो। उहाँले रअप्रमुख सामन्त गोयलसित लिम्पियाधुरा सीमा अतिक्रमणबारे ठोस कदम नचाल्ने सहमति भएकाले पछिल्लो समयमा प्रधानमन्त्री ओली त्यसबारे नरम रूपमा प्रस्तुत भइरहेको पनि बताउनुभयो।

त्यसैगरी राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्टले इतिहासमा विदेशी साम्राज्यवादीहरूको दलाली गरेर कुनै पनि शासकको सरकार नबचेको दावी गर्नुभयो। नेता भट्टले भन्नुभयो- 'सरकार बच्ने विदेशीहरूको दलाली गरेर होइन, आफ्नो देशको राष्ट्रियता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गरेर हो।' उहाँले प्रधानमन्त्री कामचलाउ भइसकेको र स्वयम् उनकै पार्टीले उनलाई प्रधानमन्त्रीमा कायम राख्न नचाहेको बताउनुभयो।

नेकपा (मसाल) काठमाडौँका प्रवक्ता जगतप्रसाद रेग्मीको सञ्चालनमा भएको कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का केस हस्तबहादुर केसी, नेकपा (माले) का सुरेन्द्र ढकाल, नेकपा (माओवादी-केन्द्र) का मेघबहादुर खत्री, जनसमाजवादी पार्टीका डम्बरविक्रम कार्की, नेकपाका अर्जुन कार्की, राष्ट्रिय जागरण मञ्चका गुणराज लोहनी र सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी) की भावना विद्रोही लगायतले विरोध मन्तव्य राख्नुभएको थियो।

१. नेकपा (मसाल), २. नेकपा (क्रान्तिकारी-माओवादी), ३. नेकपा (माले), ४. राष्ट्रिय जनमोर्चा, ५. देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, ६. नेपाल कम्युनिस्ट पार्टी, ७. नेकपा (माओवादी-केन्द्र), ८. राष्ट्रिय जागरण मञ्च, ९. जनसमाजवादी पार्टी, १०. नेकपा (संयुक्त), ११. राष्ट्रिय जागरण परिषद् नेपाल, १२. वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, १३. नेकपा (बोल्सेभिक), १४. राष्ट्रवादी केन्द्र नेपाल १५. एमसिसी खारेज अभियान, १६. पुष्पलाल अध्ययन समाज, १७. सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी), १८. मार्क्सवादी एकता अभियान, १९. नेकपा (मार्क्सवादी), २०. नेकपा मार्क्सवादी (पुष्पलाल), २१. नेकपा (माओवादी), २२. समाजवादी राष्ट्रिय मञ्च नेपाललगायतका पार्टी तथा संघसंस्थाले विरोध प्रदर्शनको संयुक्त रूपमा आयोजना गरेका थिए।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस्।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# साहित्यमा संशोधनवाद र समाजवादी यथार्थवाद



❑ प्रा.डा. जगदीशचन्द्र भण्डारी

*१. विषय उठान*

नेपाली साहित्यमा प्रचलित समाजवादी यथार्थवाद साहित्यको मूल धाराका रूपमा रहँदै आएको छ। यस विश्वदृष्टिकोण, उदेश्य र स्पष्ट विचारधाराका कारणबाट यसले छुट्टै क्रान्तिकारी भूमिका सहित विशिष्ट पहिचान स्थापित गरेको छ। आफ्नो पृथक् विश्वदृष्टिकोणका साथै वर्ग पक्षधरता रहनु र यथार्थ प्रति इमान्दार हुनु समाजवादी यथार्थवादी सर्जकहरूको वैशिष्ट्य रहेको छ। वर्ग, विचार र यथार्थ प्रतिको सकृय प्रतिबद्धताका साथै आशावादिता एवम् मुक्त जीवन निर्माण प्रतिको तीव्र आकाङ्क्षा व्यक्त हुनु र मालेमावादी विश्वदृष्टिकोणसँग गाँसिनु एवम् ऐतिहासिक र समकालीन यथार्थको वस्तुपरक र सौन्दर्ययुक्त प्रतिबिम्बन गर्नु, क्रान्तिकारी वर्ग, पार्टी र विचार प्रति प्रतिबद्ध भई क्रान्तिलाई सहयोग पुऱ्याउनु जस्ता युगीन दायित्व निर्वाह गर्नु समाजवादी यथार्थवादी साहित्यको संज्ञान परक, विचार परक तथा कलात्मक काम हो। विचारहीनता तथा अराजकतावादी दृष्टिकोणका विपरीत समाजवादी यथार्थवादी रचनाकार आफुलाई सिद्धान्तवादी एवम् क्रान्तिकारी प्रवृत्तिका साथ आफ्ना रचनामा उभिने प्रयत्न गरेको पाइन्छ। पछिल्लो समयमा भने साहित्य, कला तथा सौन्दर्य चिन्तनका फाँटमा समेत संशोधनवाद प्रवल रूपमा देखा परेको छ र यसले सिर्जनाका सबै क्षेत्रमा जबर्जस्त प्रभाव पार्ने प्रयास गरेको छ। राजनीतिक तथा विचारधाराका फाँटमा देखापरेको संशोधनवादले कलाका विविध पक्षमा पारेको नकारात्मक प्रभावलाई निस्तेज पार्नु र समाजवादी यथार्थवादको मानदण्डलाई जोगाउनु जरुरी भएको छ। यस आलेखमा संशोधनवाद र त्यसले समाजवादी यथार्थवादमा पारेको र पार्न सक्ने केही आधारहरूको निरूपण गरिएको छ।

२. संशोधनवाद र समाजवादी यथार्थवाद

मार्क्सवादका आधारभूत मान्यताका रूपमा स्थापित हुन पुगेका द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, क्रान्तिमा बल प्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्वलाई छाडेर आदर्शवाद, वर्गसमन्वयवाद, सुधारवाद, संसदवाद तथा 'उत्तर' र 'प्रविधिवाद' सम्बद्ध मान्यता र दृष्टिकोण अङ्गाल्न पुग्नेहरू नै संशोधनवादी हुन्। दर्शन, राजनीति, विचारधारा, कला साहित्यका क्षेत्र र चिन्तनका फाँटमा संशोधनवादीहरू क्रियाशील रहेका छन्। सर्वहारा वर्गको प्रतिनिधि क्रान्तिकारी शक्ति हो भने त्यस विपरीत पछिल्लो समयमा बहुदलीय जनवादी तथा वर्गीय एवम् राष्ट्रिय आत्मसमर्पणवादीहरू संसदीय लोकतन्त्रलाई नै सिद्धान्त र विचारधाराका रूपमा स्वीकार गरी बहुलवादी/संसदवादी तथा वर्ग समन्वयवादीका रूपमा फेरिएका छन्। संशोधनवादीहरू मालेमावादका मूलभूत मान्यता तथा विचारधारालाई अस्वीकार गर्दै पुँजीवादी संसदवादी सामाजिक सत्ता र व्यवस्था निर्माणका निम्ति अग्रसर भएका छन्। सर्वहारावर्गको उद्देश्य विपरीत दलाल पुँजीवादी तत्वको हितकारी भई क्रान्तिकारी वर्गको विरोध गर्नु तिनको विशेषता रहको छ। मालेमावादी दर्शनमा अभिव्यक्त मान्यता अनुरूपको क्रान्तिकारी विचारधारालाई परित्याग गरी प्रतिक्रियावादी विचारधारामा समाहित भएपछि तिनका सृजन कर्म सर्वहारावादी विचारबाट च्यूत हुनु स्वाभाविक छ। समकालीन प्रगतिवादी साहित्यमा संशोधनवादी समाजवादीहरू- जो आफुलाई 'वैज्ञानिक समाजवादी' का रूपमा अभिव्यक्त गर्दै आएका छन्- को प्रभाव परेको छ। मालेमावादी सौन्दर्यशास्त्रद्वारा स्थापित कला साहित्यमा प्रतिमानको अस्वीकृति र संशोधन तथा नवसंशोधनवाद गैरसर्वहारा वर्ग विशेषको रुचि, सौन्दर्य र वृत्ति र आनन्दको प्राप्तिका निम्ति क्रान्तिकर्मी आदर्शलाई परित्याग गर्न पुगेका छन्। तिनका चिन्तनमा सर्वहारा वर्गको आर्दश र बुर्जुवा वर्गको आदर्शलाई घोलमाल गरी आफुलाई असल बनाउने चाहको सङ्केत गरिएको पाइन्छ। नयाँ जनवादी क्रान्ति र त्यसको स्वरूपको विरोध गर्नु र बुर्जुवा समाजवादीहरूसँग सन्निकट रहनु तिनको वैशिष्ट्य हुन पुगेको छ। क्रान्तिकारी र संशोधनवादीका बिच झिनो विभाजक रेखा रहेको हुनाले क्रान्तिकारी र संशोधनवादीलाई छुट्ट्याउनु गाह्रो हुन्छ। तापनि वैचारिक एवम् वर्गीय अवस्थिति र तिनका संसदीय बुर्जुवा आत्मिक तथा भौतिक क्रियाकलापबाट नै संशोधनवादीहरूको पहिचान गर्न सकिन्छ। वर्गीय एवम् राष्ट्रिय आत्मसमर्पणवादीहरू प्रगतिशील एवम् क्रान्तिकारी आदर्शलाई छोड्छन् र बुर्जुवा आदर्शको महिमामण्डन गर्दछन्। तिनले सर्वहारा तथा उत्पीडित जनता र तिनका आधिकारिक प्रातिनिधिक क्रान्तिकारी शक्तिहरूले चलाएका विगतका महान् सङ्घर्ष, समर्पण, जनयुद्ध तथा जनआन्दोलनका उच्चतालाई न्यूनीकरण गरी घृणाभाव तथा तिरस्कार गर्ने काम गर्दछन्। प्रातिनिधिक घटना, वस्तु, पात्र, उदेश्य प्रतिको नकारात्मक एवम् विद्रुप अभिव्यक्तिमै केन्द्रित हुन्छन् र तिनीहरू टिठ लाग्दा मार्क्सवादी देखिन्छन्। संवैधानिक राजतन्त्रवादी, संसवादी तथा बुर्जुवा गणतन्त्रवादी हुँदै याथास्थितिवादको पक्षधर हुन्छन्। महान् र उदात्त जनयुद्धको ऐतिहासिक यथार्थबाट अलगिँदै सर्वहारा वर्ग र सर्वहारा मानवतावादी धारा एवम् प्रवृत्तिलाई नकार्न पुगेको पाइन्छन्। वर्गसङ्घर्षलाई वर्गसमन्वयमा फेर्नु र मुक्ति र मुक्तिकामी विचारलाई छोड्नु अनि क्रान्तिकारी भूमिका परित्याग गरी सर्वहारा वर्गको अधिनायकत्व सम्बन्धी प्रतिमान त्याग्नु संशोधनवादीहरूको चिन्तन र विचारधाराको सारवस्तु हो। वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्व प्रश्नलाई गौण बनाउनु भनेको समाजमा रहेका असमानता, विभेद र वैषम्यलाई नदेख्नु हो। सर्वहारा र क्रान्ति सम्बन्धी विचारधारात्मक अग्रगामी गतिलाई निस्तेज पार्दै अन्ततः प्रतिक्रियावादमा पतन भई क्रान्ति र परिवर्तनलाई धोका दिने काम गर्नु हो। मालेमावादी दर्शनलाई क्रान्तिको र मुक्तिको दर्शनका रूपमा नमान्ने तत्वहरू छदम् रूपमा क्रान्तिकारी देखिन्छन्। विशेषतः समाजवादी यथार्थवादमा संशोधनवाद निम्न रूपमा प्रकट भएको छ।

क. समकालीन युगमा मालेमावादबाट दार्शिनिक वैचारिक र राजनीतिक विचलन/ संशोधन/नवसंशोधनद्वारा संशोधनवाद जन्मेका पाइन्छ।

ख. संशोधनवाद समाजावादी यथार्थवादी साहित्य कला विरुद्ध उभिएको पाइन्छ।

ग. क्रान्तिमा बलपूर्वक सत्ता हत्याउने कार्यको निषेध गर्दछ।

घ. यो क्रान्तिकारी उदात्त आदर्शबाट च्यूत हुन्छ।

ङ. प्रारूपीकरण/महान् नायक, वस्तु र परिवेशको विरुद्ध छ।

च. यसले वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्वलाई मान्दैन।

छ. यसले संसदवाद, वर्गसमन्वयवाद तथा गैरक्रान्ति/प्रतिक्रियावादलाई स्वीकार गर्दछ।

ज. यसले सर्वहारा तथा उत्पीडित वर्गको महान् र उदात्त आदर्श चरित्र र प्रवृत्तिको पुनरुत्पादन/प्रतिबिम्बन भन्दा त्यसको विरूपीकरण गरी प्रस्तुत गर्दछ।

झ. उत्सर्ग तथा बलिदानपूर्ण सौन्दर्यात्मक अन्तर्वस्तुको निषेध र जनवादी क्रान्तिको विरोध गर्छ।

ञ. यसले यथार्थको क्रान्तिकारी विकासमा भन्दा त्यसको स्थिरतामा जोड दिई शोषणकारी व्यवस्था सुदृढ गर्ने कुरामा जोड दिन्छ।

३.निष्कर्ष

मालेमावादी दर्शनका आधारभूत मान्यतालाई दरिलो रूपमा पक्री ऐतिहासिक आसयसहितको यथार्थको ठोस चित्रण/रेखाङ्कन् गर्न सघाउने, महान् नायक, विषयवस्तु र परिवेशको प्रारूपीकरण गर्ने क्रान्तिकारी जीवनको प्रतिबिम्बन गर्ने, सर्वहारा वर्ग र तिनको सङ्घर्ष, बलपूर्वक सत्ता हत्याउने कार्य एवम् सर्वहारावर्गको अधिनायकत्वप्रति प्रतिवद्ध हुँदै क्रान्ति र भविश्यप्रति दृढ आस्था रहेका स्रष्टाहरू नै समाजवादी यथार्थवादी हुन सक्छन्। यस विपरीत मालेमावादी दर्शनमा आधारभूत सिद्धान्त तथा दृष्टिकोणबाट च्यूत एवम् स्खलित भई सर्वहारावादी आदर्शलाई निषेध गरी सुधारवाद, संसदवाद, वर्गसमन्वयवाद र प्रतिक्रियावादलाई आत्मसात गर्न पुगेका लेखकहरू गैरसमाजवादी यथार्थवादी हुन्। शोषणपूर्ण तथा उत्पीडनकारी राज्यसत्ता र त्यसको जनविरोधी स्वरूपलाई सकारी मालेमावादी दर्शनको दार्शनिक वैचारिक र राजनीतिक दृष्टिकोणको निषेधमै संशोधनवाद उभिएको छ र समकालीन युग अनुरूपको सामन्तवाद, दलाल पुँजीवाद तथा साम्राज्यवाद र विस्तारवादका विरुद्ध कला साहित्यको वर्गसङ्घर्षलाई तीव्र पार्नु पर्दछ। विशेषतः वर्गसङ्घर्ष र सर्वहारा अधिनायकत्व तथा सर्वहारा मानवतावाद विरुद्ध परिलक्षित आदर्शवाद, सुधारवाद, संशोधनवाद, नवसंशोधनवाद, वर्गसमन्वयवाद तथा संसदवाद नै क्रान्ति र सौन्दर्य विरोधी रहेका छन्। यस विपरीत दार्शनिक, वैचारिक तथा राजनीतिक प्रतिवद्धतासँगै आमूल परिवर्तन सम्बद्ध क्रान्तिकर्ममा केन्द्रित हुनु र अभिव्यञ्जना गर्नु नै समाजवादी यथार्थवादी सर्जकको पृथक् वैशिष्ट्य हो।

सन्दर्भ सामग्री

-जिस, आब्नेर, (१९८५) कला वैचारिक एवम् सौन्दर्यात्मक पहलु, मास्को : रादुगा प्रकाशन।

-चैतन्य (३६९) मार्क्सवादी सौन्दर्य चिन्तन, ललितपुर : साझा प्रकाशन।

- वैद्य, मोहन (२०६७) मार्क्सवादी दर्शन, काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र।

-भण्डारी, जगदीशचन्द्र, डा. ताराकान्त पाण्डेय (२०६७) प्रतिनिधि नेपाली समालोचना, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

-बोरेव, युरी (१९८५) एस्थेटिक्स, मास्को : प्रोग्रेस पब्लिसर्स।

## ❑ गीत

# इतिहास बोल्छ



● हिरामणि दुःखी ●

सङ्गीत- काजी गाउँले

*इतिहास बोल्छ सँधै लड्यौँ नालापानी,*
*किन दुख्छ सँधै मलाई मेरै कालापानी।*

*नेपालको सत्ता बाँच्छ बेच्दै नदी पानी*
*आँठो मिच्छ छिमेकीले गर्दै मनोमानी।*
*युवाजति विदेशिन खोज्छ राहदानी*
*उब्जँदैन आफ्नै देशमा हाम्लाई रसदपानी॥*

*ब्याज खाँदै बस्यौं भने किल्ला काँगडाका*
*छिमेकीले पिलर सार्छ हाम्रो सिमानाका।*
*तर पनि चुपै बस्छ हाम्रो राजधानी*
*दिल्ली धाउँदै नेता गर्छन् कुर्सी खिचातानी॥*

*बचाउन उठौँ सबै देशको स्वाधीनता*
*गाउनै पर्छ सँधै हामी गीत बीरताका।*
*मेची-काली, हिमाल, तराई जुटौँ एक भई*
*खबरदारी गरौँ फेरी शत्रु छेव गई॥*

*इतिहास बोल्छ सँधै लड्यौँ नालापानी,*
*किन दुख्छ सँधै मलाई मेरै कालापानी।*

## ❑ यो साताको कविता

# एक पर्देशीको बकपत्र



● दीपक विश्वकर्मा ●

आज निद लागेन प्रिय
टोलाइयो आकाश हेरेर निकै बेर
तारापुञ्जको सफर गरियो
र पुगियो गाउँखर्कहरू
खोला खहरे र बेसीका आकाशहरूमा
ऐसेलु, काफ टिपियो र
कलकल कलकल खहरेको
चिसो पानी पिएर प्यास मेटाइयो।

विशाल सागरको सफर जुर्छ,
कहिले कसो
विशाल बंगलाको बास जुर्छ,
कहिले कसो
निर्मित चिसो हावाको स्वास फेरिन्छ
कहिले कसो
किन्न पाइन्छ सबै
हावा फोक्सो भरिको
पानी प्यास भरिको
निद सिरानी भरिको
तर नि प्रिय,
सपना जुर्दैन सुनौलो
अलगबगल सुतेका चिचिलाहरूको
निर्दोश चेहरामा हात फेर्दै
तिम्रो जुल्फीको बास्नासँग
मदहोस हुँदै
अँगालोको सपना जुर्दैन प्रिय
र जुर्दैन
बाहुपासको कसिलो बन्धन
खेल्दै खेलाउँदै तर्कका भेलहरू
तान लगाउँदै
सपनाका झुपडीहरूको
आगनको डिलमा रोपिने मखमली
बारीको डिलमा रोपिने गुर्दौली
र कोक्रोको सपना जुर्दैन प्रिय
जो झुलोस् पीडिमा र
झुलाउन सकियोस् लहैलहैलहै।

मेटिदैन तिर्खा
मेटिदैन भोक
भुलिदैन पदचापहरू
हराउँदैनन् संझनाहरू
सुक्दैनन् पसिनाका भेलहरू
मूललाई छोडेर आएसी बग्न दिएर
ढिकीजातो छोडेर आएसी
अलपत्र पारेर
रजनीगन्धाको महक बोकेर
बहँदैं गरेको चिसो पवनलाई
छोडर आएसी पाखा पखेरामा
निद लाग्दैन
निद नलागेसी सपना जुर्दैन
र सपना नभएसी
जुर्दैन प्रिय
घाँस दाउराको भारी बिसाएर
चौतारीमा,
मनका भाका सुसेल्ने
सुजोक समेत।

## नेकपा...

डुम्रेनीमा बसोबास गर्दै आउनु भएका विष्णु प्रसाद न्यौपानेको हिजो २०७८ बैशाख ८ गते असामयिक निधन भयो। भारतको जयपुरबाट नेपाल आउने क्रममा हृदयघातका कारण बीच बाटोमा उहाँको निधन भएको हो। उहाँ हाम्रो पार्टीका पोलिटब्यूरो सदस्य कमरेड भुपेन्द्र न्यौपानेका पिता हुनुहुन्थ्यो। उहाँको निधनबाट हामी अत्यन्तै दुःखित एवम् चिन्तित भएका छौं। उहाँ नेपाली कम्युनिस्ट आन्दोलन र नयाँ जनवादी क्रान्तिका समर्थक तथा शुभचिन्तक हुनुहुन्थ्यो। उहाँकी जीवन संगिनी दीपा न्यौपाने हुनु हुन्छ। उहाँ दुई छोरा र चार छोरीका पिता हुनुहुन्थ्यो। उहाँका चार ज्वाइँ र नौ जना नाति-नातिना हुनुहुन्छ। हाम्रो पार्टी विष्णु प्रसाद न्यौपानेप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, पार्टी उहाँका सम्पूर्ण शोकसन्तप्त परिवारजन तथा इष्टमित्रप्रति हार्दिक समवेदना व्यक्त गर्दछ।
बैशाख ८, २०७८

*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी*




यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !

www.moolbato.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
दाउन्ने साप्ताहिक
स्थानीयपत्र साप्ताहिक
छापामार साप्ताहिक
नयाँ कोशी मासिक
दायित्वबोध त्रैमासिक

## कसरी...

गर्दैन । यसको साथै कुनै खाश चरणमा समाजमा चलिरहेको बर्ग संघर्ष पनि त्यस बेलासम्म धार्मिक भाषामा अभिब्यक्त गर्न सकिन्छ जबसम्म धर्म बिचारधाराको नै सबैभन्दा प्रमुख रूप बनिरहन्छ । अहिले जहाँसम्म कुनै खाश चरणमा भइरहेको बर्ग संघर्षको धर्ममा अभिब्यक्तिको प्रश्न छ, त्यो अभिब्यक्ति जुन सीमासम्म पुगेको छ त्यसै हदसम्म शासक बर्गीय बिचारधाराका अन्य रूपहरू जस्तै धर्म पनि शासक र शोषक बर्गको हतियार पनि बन्दछ र त्यस खाश शासनको बैधता साबित गर्ने साधन पनि ।

बिश्वमा पहिलो पटक शोषित पीडित राज्य स्थापना गर्ने महान लेनिनले भनेका छन् - 'धर्म आत्मिक शोषणको एउटा रूप हो जसले प्रत्येक ठाउँमा ती जन समुदाय, जो निरन्तर अर्कोको लागि काम गर्ने गर्दछन् र अभाव तथा बञ्चनाबाट पहिलेदेखि ने संत्रस्त छन्, तिनको जीवनलाई अझ बोझिलो बनाइदिन्छ । शोषक बर्गका बिरुद्ध संघर्षमा शोषित बर्गको असक्तताले मृत्युपछिको अधिक सुखद जीवनमा अनिवार्यरूपले त्यसैगरी उनीहरूमा बिश्वास पैदा गरिदिन्छ जसरी प्रकृति बिरुद्धको संघर्षमा वा त्यस्तो संघर्षको सीलसीलामा असभ्य जंगली जातिहरूको नपुंसकताले देवताहरू, दानवहरू, चमत्कारहरू आदिमा तिनको बिश्वाको सृष्टि गरिदिएको थियो । जो मानिस आफ्नो जीवनमा बडो मेहनत, परिश्रम गर्दछन् र अभावमा जीवन ब्यतित गर्दछन् उनीहरूलाई धर्मले यो जीवनमा बिनम्र हुने र धैर्य गर्ने तथा परलोकको सुखको आशावाट सान्त्वना प्राप्त गर्ने शिक्षा दिन्छ । तर जो मानिस अर्काको श्रममाथि निर्भर र परजीवी हुन्छन् उनीहरूलाई धर्मले यस जीवनमा बत्सलताको ब्यवहार गर्ने-दीन दुस्खीहरूमाथि दया गर्ने० शिक्षा दिन्छ र यसरी शोषक बर्गको रूपमा आफ्नो सम्पूर्ण अस्तित्वलाई सिद्ध गर्ने एउटा सस्तो सुत्र बनाइदिन्छ अनि स्वर्गमा सुख प्राप्त गर्ने टिकट सस्तो मूल्यमा बेचिदिन्छ' ।

यसैले मार्क्सवाद अनुसार धर्म, एउटा खाश चरणमा, सामाजिक परिस्थितिको अनिवार्य उपज हो र अर्को अवस्थामा बर्गीय शोषणको अभिब्यक्ति तथा शासक बर्गको बर्गीय बिचारधाराको अभिन्न अङ्ग पनि । ठीक यसै कारणले मार्क्सवाद र एक मात्र मार्क्सवादले नै धर्मको ब्युत्पत्ति, त्यसको मूल तथा मानिसको मनमा त्यो अहिलेसम्म पनि हावी र प्रभावी भइरहनुको आधार बैज्ञानिक ढंगले बुझेर आधिकारिकरूपमा यसो भन्न समर्थ छ कि धर्मको भूमिका सामाजिक गठनको अवस्थाबाट निर्धारण हुन्छ । अनि ठीक यसैले, मार्क्सवादको हमला स्वयंमा धर्ममाथि हुँदैन बरु ती परिस्थितिहरूमाथि यसले धावा बोल्दछ जसले धर्मलाई उत्पन्न गर्दछन् । त्यो परिस्थितिमाथि तीब्र प्रहार हुन्छ जसले जनतामा धर्मको प्रभाव कायम राखिराख्ने गर्दछन् । किनकि धर्म कुनै स्वयंभू बस्तु होइन । मार्क्सवादले त्यो परिस्थितिलाई नै आधारभूतरूपमा परिवर्तन गर्न चाहन्छ र बदल्ने प्रयत्न गर्दछ जसले धर्मलाई आधार प्रदान गर्दछन् र बर्गीय उत्पीडनको औजारको रूपमा धर्मलाई कायम राख्दछन् । ड्यूहरिंगको कथन थियो कि समाजवादी किसिमको ब्यवस्थाले धर्मका सबै आवश्यक तत्वहरूलाई समाप्त गर्नुछ । यस तर्कको बिरुद्ध आफ्नो चर्चित र प्रसिद्ध बहसमा फेडरिक एंगेल्सले भनेका छन् - 'तर श्रीमान ड्यूहरिंग धर्मको आफ्नो मृत्यु स्वयं हुनेसम्म प्रतिक्षा गर्न तयार छैनन् । उनी भविष्यका आफ्ना सिपाहीहरूलाई धर्ममाथि हमला गर्नका लागि उक्साउँदछन् र यसरी धर्मलाई एक किसिमको सहादत तथा अझ बढी प्राण दिन मद्दत गर्दछन्' । ९एंगेल्स ड्यूहरिंग मत खण्डन०

मार्क्सवादीहरू भौतिकबादी हुन्छन् र त्यसो भएको हुनाले उनीहरूले एउटा बर्ग बिभाजित समाजमा धर्मको जटील भूमिकालाई बुझ्दछन् अनि त्यसको आकलन गर्न सक्तछन् । उनीहरूले यो पनि थाहा पाउँदछन् कि उपरी ढाँचामा एउटा रूपको आधारमा धर्म बर्गबिहीन समाजको स्थापना पछि पनि लामो समयसम्म कायम रहिरहन्छ । मार्क्सवादीहरूको बिरोध धर्ममाथि नभएर त्यो धर्म खडा गर्ने समाजिक परिस्थितिमाथि हुन्छ । मार्क्सले भनेका छन् - 'जनताको मिथ्या सुखको रूपमा धर्मको उन्मूलन गर्नु जनताको वास्तविक सुखको निमित्त आवश्यक छ । आफ्नो अवस्थाको सम्बन्धमा भ्रान्त धारणाहरूलाई तिलाञ्जली दिने माग हो यो जसमा भ्रान्तधारणाहरूको आवश्यकता हुन्छ । यस कारण धर्मको आलोचना बीजरूपमा दुस्खको त्यस घाँटीको आलोचना हो जसको प्रभामण्डल धर्म हो' । ९हेगेल धर्म सम्वन्धि दर्शनको आलोचनामा योगदान, धर्म मार्क्स र एंगेल्स पृष्ठ ५१० धर्म सम्वन्धि मार्क्सवादी समझदारी यही हो ?।

धर्मको मार्क्सवादी मूल्यांकन, त्यसको मानवतावादी अन्तरबस्तु तथा बर्गीय शासनको औजारको रूपमा त्यसको उपयोग हुने कुरालाई समग्रतामा बुझ्नु जरुरी छ । कम्युनिस्टहरूले त्यो परिस्थितिलाई बदल्नका निमित्त काम गर्दछन् जुन परिस्थितिले मानिसमा धर्मको पकड कायम राख्दछ । यसरी स्वयंमा धर्ममाथि मार्क्सवादीहरूले हमला गर्दैनन् । किनभने मानव सभ्यताको सामाजिक गठनबाट स्वतन्त्र स्वयंमा कुनै भिन्नै बस्तु धर्म हुँदैन, होइन र हुन पनि सक्तैन । यसै कारणले लेनिनले भनेका छन् कि 'शहरी र्सबहारा वर्गको पिछडिएको हिस्सामा र किसान जन समुदायमा धर्मको प्रभाव किन कायम रहेको छ ९बुर्जुआ-पूँजीवादी०, प्रगतिशील उग्रवादी या बुर्जुआ भौतिकबादीरु यस प्रश्नको उत्तर दिन्छन् स् जनताको अज्ञानताको कारण । अनि यसैले धर्मको नाश होस् र वास्तविकता चीरञ्जीवी होस् १ नास्तिक९अनिश्वरबादीहरू०वादी बिचारहरूको प्रचार गर्नु नै हाम्रो मूख्य कर्तब्य हो' । तर मार्क्सवादी कम्युनिस्टहरूले त्यसको उत्तर यसरी दिन्छन् - 'यो ९उनीहरूको भनाई० सही होइन । यो एउटा सतही दृष्टिकोण हो । यसले धर्मको मूललाई पर्याप्त गहिराइपूर्वक ब्याख्या गर्दैन । यसले त्यसको ९धर्मको० भौतिकवादी ब्याख्या गर्दैन, भाववादी९क्ष्मभबष्कित० ब्याख्या गर्दछ ।

आधुनिक पूँजीवादी देशहरूमा धर्मका यी जराहरू मूख्यतया सामाजिक छन् । आज धर्मको सबभन्दा गहिरो जराको कारण श्रमजीवी मेहनतशील जनताको सामाजिक रूपले पद दलित स्थिति तथा पूँजीबादका ती अन्धा शक्तिहरूका सामु प्रत्यक्ष देखिने त्यस्ता पूर्ण असहाय अवस्था हो जसले प्रत्येक दिन र प्रति घण्टा त्यसलाई सर्वाधिक भयंकर यातनाहरू तथा उत्पीडनहरूका चक्काले पिसिरहेको हुन्छ । यी यातना र यन्त्रणाहरू ती यातना र यन्त्रणाहरू भन्दा हजार गुणा कठोर हुन्छन् जुन युद्ध, भूइचालो आदि जस्ता असाधारण घटनाहरूका कारण जनताले भोग्नु ब्यहोर्नु परेको हुन्छ । ''देवताहरूको जन्म भयवाट भएको हो । पूँजीको अन्ध शक्तिको भयवाट । यो शक्ति अन्ध यस कारणले हुन्छ कि जनताले त्यो शक्तिलाई पहिलाबाटै देख्न जान्न सक्तैनन् । यो शक्ति यस्तै हुन्छ । जुन र्वहारा बर्ग तथा स-साना मालिकहरूको जीवनका हर कदममा न केवल 'अचानक', 'अप्रत्याशित', 'बर्वादी', 'बिध्वंश', 'दरिद्रता', 'बेश्याबृत्ति', 'अनिकाल', आदिवाट मर्ने डरले उनीहरूलाई आक्रान्त राखिएका हुन्छन् । अझ यस्ता कठिनाईहरूका पहाडहरू उनीहरूमाथि थोपरिदिने गर्दछन् । यी नै हुन् आधुनिक धर्मका जरा जसलाई भौतिकादीहरूले जो वास्तवमा दुधेबालक तालका भौतिकबादी होइनन् र त्यस्तो बनिरहन पनि चाँहदैनन्, सबभन्दा पहिला र सबभन्दा प्रमुखरुमा ध्यानमा राख्नु पर्दछ र राख्दछन् । यी जन समुदायको मानसपटलबाट, जुन मानसपटल पूँजीवादी श्रमको भारले थिचिएर मिचिएर दवेको छ, जसले कुनै पुस्तकको धर्मलाई निकाल्न सक्तैन, जवसम्म ती जन समुदाय स्वयं धर्मका यी उपर्युक्त जराहरूसँग लड्न सिक्तैनन् र लड्न सक्तैनन् । जवसम्म कि र्सबथा एकतावद्ध,संगठित र सुनियोजित तथा सचेत ढंगले उनीहरू पूँजीको शासनका सबै रूपहरूका बिरुद्ध संघर्ष गर्न सिक्तैनन् र संघर्ष गर्न सक्तैनन् ।''

यस प्रकार धर्मको रक्षक हुने स्वयम्भू इजारेदार साम्प्रदायिक तथा तिनको पृष्ठपोषक शक्तिहरूको दाबीलाई भण्डाफोर गर्नु र तिनलाई नङ्ग्याउनु पनि आजको समाजिक परिस्थितिको बिरुद्ध संघर्षको एउटा प्रमुख अङ्ग हो । अनि यस्तो परिस्थिति बदल्नु नै मार्क्सवादी कम्युनिस्ट शक्तिहरूको प्रमुख लक्ष र कर्तृतब्य हो र हुनु पर्दछ । धर्मलाई बेढंगले यसको उत्पत्ति, बिकास र प्रभावको लेखाजोखा नगरी बिरोध गर्दा ढोंगी र पाखण्डी शक्ति र तत्वहरूलाई नै फाइदा पुग्ने गर्दछ र यसरी जनमुक्तिको आन्दोलन अल्मलमा पर्ने कुरा पनि प्रष्ट नै छ ।

## जनसमुदाय...

ती नियमलाई नाघेर केही गर्न सक्तैनन् । ठीक त्यसैकारण हामीले इतिहासमा जनसमुदाय, व्यक्तिहरू र नेताहरूले खेल्ने भूमिकामाथि ध्यानदिन जरुरी हुन्छ ।

जनसमुदाय इतिहासका निर्माता हुन् । किनकि उनीहरू आफ्नो जीवनको उत्पादन र पुनरुत्पादन स्वयम् गर्दछन् । उनीहरू सामाजिक- आर्थिक अवस्थामा आबद्ध रहेका हुन्छन् । उत्पादन पद्धतिमा उत्पादक शक्ति र उत्पादन सम्बन्ध हुन्छन् । उत्पादन सम्बन्ध भनेको मानिसको प्रकृति र मानिसको तथा मानिसहरूबीचको आपसी सम्बन्ध हो । उत्पादक शक्ति अन्तर्गत मानवीय श्रम, श्रमका विषय र औजार आउ‘छन् । तिनमा मानवीय श्रमको भूमिका प्रधान र निर्णायक हुने गर्दछ । यसरी मानवीय श्रम-शक्तिको प्रधान र निर्णायक भूमिका हुनुकै कारण इतिहासको निर्माता जनसमुदाय, श्रमजीवी जनसमुदाय नै हुन पुग्दछ । तर यहा‘नेर ध्यानदिन योग्य कुरा के छ भने मानव समुदाय वा कुनै पनि व्यक्ति, समाज विशेषको रूप चुन्नु स्वतन्त्र छैन, किनकि समाजको रूप मान्छेहरूको स्वतन्त्र इच्छामा नभै उत्पादक शक्तिहरूको स्थिति र विकासमा आधारित रहेको हुन्छ । हामी यसैलाई आर्थिक परिस्थितिस‘ग आबद्ध ऐतिहासिक आवश्यकता भन्दछौं । मार्क्सको भनाइमा- समाज मानिसहरूको अन्योन्य क्रियाको फल हो, अवश्यै हो, तर ऊ समाजको चाहे जस्तो रूप चुन्नका लागि स्वतन्त्र छैन, मानव आफ्ना उत्पादक शक्तिहरूको स्वाधीन चयन कर्ता बन्न सक्तैन, किनकि प्रत्येक उत्पादक शक्ति आर्जित शक्ति हुन्छ । त्यसैले मार्क्स भन्नुहुन्छ- ‘आउने वाला पिंढी आफूभन्दा पहिलेको पिंढीद्वारा आर्जित ती उत्पादक शक्तिहरूको आफूलाई आधिकारी पाउ‘छ, जुन उसका लागि नयाँ उत्पादनका कच्चा मालको काम गर्दछन्, मानव इतिहासमा तारतम्यता पैदा हुन्छन् । मानवजातिको इतिहासको निर्माण एक हुन्छ । अतः अनिवार्यतः के निष्कर्ष निस्कन्छ भने मान्छेको सामाजिक इतिहास उनीहरूको व्यक्तिगत विकासको इतिहास बाहेक अरू केही होइन, भलै उनीहरूलाई यस कुराको चेतना होस् या न होस् । उनीहरूको भौतिक सम्बन्ध उनीहरूको सम्पूर्ण सम्बन्धहरूको आधार हो । यी भौतिक सम्बन्ध ती आवश्यक रूप मात्र हुन् जसमा उनीहरूका भौतिक र व्यक्तिगत कार्यकलाप चरितार्थ हुन्छन् ।'१ मार्क्सवादी राजनीतिक अर्थशास्त्र र ऐतिहासिक भौतिकवादको ठीक यसै कारण के मान्यता रहेको छ भने यस प्रकारको इतिहास विज्ञान- पू‘जीवादी अर्थशास्त्री र इतिहासकारहरूको जस्तै वस्तुहरूको सम्बन्धको होइन मानव सम्बन्ध र त्यसको विकास प्रक्रियाको अध्ययनलाई आफ्नो विषयवस्तु बनाउने गर्दछ ।

जनताले आफ्नो इतिहासको निर्माण कसरी गर्दछन् । नेताहरू कसरी पैदा हुन्छन्, मानिसका स्वतन्त्र इच्छा र आर्थिक परिस्थितिबिच के सम्बन्ध छ ? यी प्रश्नहरूको जबाफ- आवश्यकता र आकस्मिकताको नियममाथि ध्यानदिँदै-एङ्गेल्सले यसरी दिनुहुन्छ- ‘मनुष्य आफ्नो इतिहासको रचना स्वयम् गर्दछन्, परन्तु अहिलेसम्म उनीहरू यस्तो सामूहिक सङ्कल्पका साथ, सामूहिक योजना अनुसार गर्न सक्तैनन्, यहा‘सम्म कि एक निश्चित, परिसीमित समाज विशेषमा पनि गर्न सक्तैनन् । उनका आकाङ्क्षाहरू एक अर्कास‘ग टक्कराउ‘छन्, र यस कारण यस्को प्रत्येक समाज आवश्यकताद्वारा शासित हुन्छ, जसको पूरक तथा प्रतीयमान रूप आकस्मिकता हुन्छ । यहा‘ जुन आवश्यकता समस्त आकस्मिकताहरूमाथि हावी हुन्छ, त्यो अन्ततः आर्थिक आवश्यकता नै हुन्छ । र यही तथाकथित महापुरुषहरूको चर्चा आवश्यक हुन जान्छ । यो कुरा कि देश विशेषमा, काल विशेषमा अमुक व्यक्ति प्रकट हुन्छ र अर्को होइन, निःसन्देह आकस्मिकता हो । तर त्यसलाई अगल गरिदिनुहोस् अनि त्यसको ठाउ‘मा अर्काको माग हुन्छ र त्यो दोस्रो व्यक्ति पाइन्छ- त्यो असल होस् र खराब, तर अन्तमा पक्कै पाइन्छ । नेपोलियन नै, ठीक त्यो कोर्सिका निवासी नै त्यो फौजी तानाशाह बन्यो, जसको अविर्भावलाई आफ्नै लडाईंहरूबाट थकित जर्जर फ्रान्सीसी जनतन्त्रले आवश्यक बनाइदिएको थियो, यो आकस्मिकताको कुरा थियो, परन्तु यदि एउटा नेपोलियन हु‘दैनथ्यो भने त्यस अभावको पूर्ति अर्को नेपोलियनले गर्थ्यो, यसको प्रमाण के हो भने जुन व्यक्तिको आवश्यकता पैदा भयो त्यो पाइयो पनि, जस्तै सीजर, आगस्टस, क्रामबेल, आदि । यदि मार्क्सले इतिहासको भौतिकवादी अवधारणाको खोज गर्नु भयो भने त्येरी, मिन्ने, गीजो र १८५० सम्म सबै अङ्गेज इतिहासकार कुन कुराका प्रमाण हुन् भने यस अवधारणाको खोज हुने वाला थियो र मौर्गनद्वारा यसै अवधारणाको खोजबाट कुन कुरा साबित भयो भने त्यसको समय आएको थियो र त्यसको खोज हुनै पर्दथ्यो ।'२

एङ्गेल्सका यी भनाइबाट दुई कुरा स्पष्ट हुन्छनः पहिलो, इतिहासका निर्माता जनता हुन्, तर तिनले आफ्नो इच्छा अनुसार होइन समाजको आर्थिक आवश्यकतानुसार इतिहासको निर्माण गर्दछन् । दोस्रो, नेताहरूको जन्म इतिहासको आवश्यकता अनुसार हुन्छ, तर अमुक व्यक्ति नेता बन्ने कुरा आकस्मिकतामा आधारित हुन्छ ।

मान्छेका मनमा आउने अनगिन्ति इच्छा-आकाङ्क्षाहरू, लक्ष्यहरू र प्रयोजनहरूका प्रेरकशक्तिहरू जीवनका भौतिक-आर्थिक आवश्यकतास‘ग आबद्ध रहेका हुन्छन् र तिनमा देखापर्ने टक्करहरू, द्वन्दहरू, अन्तर्विरोधहरू सम्बन्धित समाजका आर्थिक परिस्थिति र वर्गसङ्घर्षमा आधारित हुन्छन् । ठीक यसैकारण मार्क्सवादले मान्छेका अनगिन्ति इच्छा, आकाङ्क्षा र प्रेरणाहरूलाई तथा तिनलाई प्रेरित गर्ने प्रेरकशक्तिहरूलाई जीवनको भौतिक आवश्यकता र वर्गसङ्घर्षका आधारमा ठम्याउने काम गरेको छ । आदिम वर्गविहीन समाजमा वैयक्तिक इच्छा र प्रेरणाहरूको एक सामूहिक मध्यमानको काम जीवनको भौतिक आवश्यकताले गर्दथ्यो भने वर्ग समाजमा जीवनको त्यस प्रकारको भौतिक आवश्यकतामा आधारित वर्गसङ्घर्षको नियमले गर्दछ । ठीक त्यसै कारण मानव जातिको इतिहासको चालक शक्तिका रूपमा-उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचनाबिचको अन्तर्विरोध रयिनै अन्तर्विरोधहरूको अभिव्यक्तिका रूपमा वर्ग समाजमा वर्गसङ्घर्षलाई मार्क्सवादको इतिहास विज्ञानले अङ्गीकार गर्न पुगेको छ ।

यद्यपि एङ्गेल्सको भनाइ अनुसार, अहिलेसम्म मान्छेले सामूहिक योजना, सङ्कल्प र सचेत प्रयत्नद्वारा योजनावद्ध रूपमा इतिहासको निर्माण गर्न सकेका छैनन्, परन्तु जब उनीहरूले इतिहास विज्ञानका नियमहरूलाई समाजको आर्थिक आवश्यकतालाई राम्रोस‘ग बुझ्न सक्तछन् त्यो बेला उनीहरू सचेत र योजनावद्ध ढङ्गले आफ्नो इतिहासको निर्माण गर्न सक्तछन् । ठीक यहीँनेर आवश्यकता र स्वतन्त्रताको नियमले काम गर्दछ । जस्तो कि एङ्गेल्स भन्नुहुन्छ- ‘जब समाजले उत्पादनका साधनहरूमाथि अधिकार प्राप्त गर्दछ, त्यो बेला मालहरूको उत्पादन समाप्त हुन्छ र त्यसको साथसाथै उत्पादन गर्नेहरू माथि उत्पादनको प्रभुत्व पनि समाप्त हुन्छ । सामाजिक उत्पादनमा अराजकताको ठाउ‘ योजनाबद्ध, सचेतन सङ्गठनले ग्रहण गर्दछ । ‘.अहिलेसम्म मान्छेको आफ्नो सामाजिक सङ्गठनले प्रकृति र इतिहासद्वारा थोपरिएको एक अनिवार्य आवश्यकताको रूपमा मान्छेको विरोध गर्दथ्यो । अब त्यो स्वयम् मनुष्यको स्वतन्त्र कार्यको परिणाम बन्दछ ।‘.यही त्यो विन्दु हो, जसभन्दा अगाडि मानिसले पूर्ण चेतनाका साथ (आधिकाधिक चेतन ढङ्गले) आफ्नो इतिहासको स्वयम् निर्माण गर्ने छ । यही त्यो विन्दु अहिलेसम्म जुन बाह्य वस्तुजगत शक्तिहरू इतिहासमाथि शासन गर्दै आएका थिए, ती अब स्वयम् मनुष्यको नियन्त्रणमा आउ‘दछन् । जसभन्दा अगाडि मान्छेले जब कुनै केही सामाजिक कारणहरूलाई गतिमान बनाउने छ, त्यसबेला त्यसका मुख्यतः र निरन्तर बढ्दै गएको मात्रामा अभिप्रेत परिणाम हुने छन् । यो मनुष्यको आवश्यकताको जगतबाट स्वतन्त्रताको जगतमा छलाङ्ग हुनेछ ।'३

इतिहासको निर्माणमा जनसमुदाय, व्यक्तिहरू र नेताहरूको भूमिकाको सन्दर्भमा आवश्यकता र आकस्मिकता, आवश्यकता र स्वतन्त्रताबिचको द्वन्दात्मक सम्बन्ध वास्तवमा यही नै हो । यस सन्दर्भमा जनसमुदाय र नेतृत्वबिचको सम्बन्धलाई पनि ठीक ढङ्गले बुझ्न जरुरी छ । लेनिन भन्नुहुन्छ- ‘खारिएका र प्रतिभाशाली नेताहरू, जसलाई आफ्ना कामको पूरै प्रशिक्षण मिलेको होस्, जुन लामो समयसम्म अनुभव प्राप्त गरिसकेका होऊन र जुन पूर्ण सहयोग एवम् तालमेलका साथ काम गर्ने होऊन, का अभावमा आधुनिक समाजमा कुनै पनि वर्गले दृढताका साथ सङ्घर्ष गर्न सक्तैन ।'४ नेता भनेको के हो र त्यसको जनसमुदायस‘ग के सम्बन्ध छ ? लेनिन भन्नुहुन्छ- ‘आम रूपमा र अधिकतर स्थानहरूमा, कमसे कम आधुनिक सभ्य देशहरूमा वर्गहरूको नेतृत्व राजनीतिक पार्टीहरू गर्दछन्, राजनीतिक पार्टीहरूको संचालन प्रायः तिनका सबैभन्दा अधिकमान्य, प्रभावशाली र अनुभवी सदस्यहरूका कमबेशी स्थायी समूह गर्दछन्, जस्लाई पार्टीको सबैभन्दा जिम्मेवार पदहरूमा चुनिन्छ र जुन नेता भनिन्छ ।'५

लेनिनका यी भनाइबाट क्रान्तिका लागि नेतृत्व अनिवार्य रूपले आवश्यक हुने र नेताहरू वर्ग विशेष वा जनसमुदायबाट जन्मिने तथा तिनीहरूको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीका अनुभवी तथा आधिकारिक सदस्य हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

नेताहरू प्रतिगामी र क्रान्तिकारी दुवै वर्गका हुन्छन् । ती सही र गलत दुवै प्रकारका हुन्छन् । जहा‘सम्म कम्युनिस्ट आन्दोलनमा नेताहरूको स्थितिको प्रश्न हो त्यसमा अवसरवादी तथा क्रान्तिकारी दुवै ढङ्गका नेताहरू हुन्छन् । क्रान्तिकारीहरूले अवसरवादी नेताहरूको विरोध तथा भण्डाफोर र क्रान्तिकारी नेताहरूको सम्मान तथा स्थापना गर्नु जरुरी हुन्छ ।

टिपोटहरूः

१- मा.ए. सङ्कलित रचनाए‘, खण्ड-१, भाग-२, पृ. २८५ ।

२- उक्त, खण्ड-३, भाग-२, पृ. ४२४ ।

३- ड्युहरिंग मतखण्डन, पृ. ४५१ ।

४- लेनिन सङ्कलित रचनाए‘, खण्ड-२, पृ. १७० ।

५- उक्त, खण्ड-९, पृ. २७४ ।

(जनादेश साप्ताहिक, वर्ष-१४ अंक-९, २०६१ माघ २६ मा प्रकाशित भएकोलाई आज पनि उत्तिकै सान्दर्भिक लागेर प्रकाशित गरेका छौं - सं.)

# नक्कली पीसीआर रिपोर्ट बोकेर विभिन्न देश जान लागेका १ सय ७२ यात्रु विमानस्थलबाट पक्राउ

काठमाडौं । नक्कली पीसीआर रिपोर्ट बोकेर विभिन्न देश जान लागेका १ सय ७२ यात्रु त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट पक्राउ परेका छन् । प्रहरीले सुराकीको आधारमा बुधबार मध्यपूर्वी गन्तव्यतर्फ जाँदै गरेका नेपाली, भारतीय र पाकिस्तानी यात्रुलाई पक्राउ गरेको हो ।

बिहान ९ बजे सलाम एयरको उडानबाट मस्कट, जजिरा एयरको उडानबाट कुवेत र एयर अरेबियाको उडानबाट शारजाह जान लागेका यात्रुहरूलाई प्रहरीले पक्राउ गरी नियन्त्रणमा लिएको विमानस्थलस्थित टर्मिनल ड्युटी कार्यालयले जनाएको छ ।

जाँच गरी बोर्डिङ पास लिइ सकेका सलाम एयरका ३२ जना, जजिरा एयरका ३६ जना र एयर अरेबियाका ५४ जना यात्रु गरी १ सय २२ जना यात्रुलाई डिपार्चर हलबाट पक्राउ गरिएको थियो । यसमा ७२ जना नेपाली, ४९ जना भारतीय र एक जना पाकिस्तानी यात्रु छन् ।

त्यस्तै प्रहरीले हेल्थ डेस्कबाट ५० जना यात्रुलाई पक्राउ गरेको थियो । जसमा २९ जना नेपाली, १९ जना भारतीय र २ जना पाकिस्तानी छन् ।

हाल कोरोना संक्रमणका कारण भारतबाट मध्यपूर्वी श्रम गन्तव्य भएका मुलुकमा जान रोक भएकाले भारत, पाकिस्तान लगायतका छिमेकी मुलुकका यात्रु काठमाडौं हुँदै ती मुलुकमा जाने गरेका छन् । भारतीय यात्रुहरू कसरी कहिले नेपाल आए, उनीहरू संक्रमित छन् कि छैनन् । छन् भने उनीहरूको कन्ट्र्याक ट्रेसिङ लगायतका केही काम भएका छैनन् । यश विषयमा सम्बन्धित निकायको गम्भीर लापरबाही देखिएको छ ।

## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**सम्पर्क नाम र फोन नम्बर**
व्यवस्थापकः हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादकः इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com
कर्णाली प्रदेश संवाददाता- दिनेश बुढा (९८६८००५८२४)

आलोपालो

# एमसीसी सम्झौता किन खारेज गर्ने ?



● नारायण शर्मा ●

नेपाल र नेपालीका शासनसत्ता संचालकहरू, सरकार, सदन, शक्ति, संघसंस्था र संगठनका सिनियरहरू हो सोंच्नोस्, सचेत हुनोस् र संवेदनशील हुनुहोस् । गम्भीर, होशियार र जिम्मेवार बन्नुहोस् ।

कतैबाट कसैद्वारा कागले कान लग्यो भन्ने हल्ला गर्दैमा आफ्नो कान नसमातेर कागका पछि नहुर्रिऔं। अन्यथा पछि परिणाममा पूरै पछुताउनु पर्ने छ। यथार्थमा यहाँहरूले अहिले पारित गर्ने प्रयास-दुस्प्रयास गरिरहनु भएको अमेरिकी अर्धसरकारी व्यापारिक कम्पनी एमसीसी संगको सम्झौता सार र समग्रमा यस्तो छ ।

१. यसको प्रायोजकका नीति, नेता, नियत र नियती नै बेठिक छन् ।

२. वैचारिक, राजनीतिक, संवैधानिक, कूटनीतिक, आर्थिक, सामरिक र ऐतिहासिक आदि धेरै दृष्टिले बेठिक छ ।

३. यो अनुदान हो कि, ऋण हो कि, लगानी हो कि, साझेदारी हो कि, बन्धकी हो कि आफैमा अस्पष्ट, गाँजेमाजे र विवादास्पद छ ।

४. हाम्रो राष्ट्रिय अस्तित्व, स्वतन्त्र, स्वतन्त्रता, स्वाधीनता, सार्वभौमिकता र स्वाभिमानका साथै शान्ती र समृद्धिलाई समेत कोल्याप्स पार्ने दुर्भावनायुक्त नै छ ।

५. यसको परिकल्पना, प्रस्थापना, प्रावधान, प्रयोग र परिणाम पनि प्रिय, पाच्य, परोपकारी, परम्परागत र परिवर्तनीय पनि छँदैछैन ।

६. यो शोषक, उत्पीडक, शासक र घातक आयोजना हो ।

७. यो नेपाल र नेपालीको मात्र होइन विश्वक्रान्ति, विश्वशान्तिघाती, विश्वमुक्ति र विश्वप्रगतिघातीका साथै सोझै हाम्रो मित्रराष्ट्रघाती समेत छ ।

८. यो क्षएक को एक अङ्ग हो, सैनिक गठबन्धन हो, २१औं शताब्दीको नयाँ रूपरङ्ग र भावभङ्गिमामा आएको ल्ब्तइ हो, अमेरिकी सैनिक योजनाको पूर्वाधार हो, यो इष्ट इन्डिया कम्पनी पनि हो र सीधै द्यच्क्ष विरुद्ध समेत घोषित रूपमै परिलक्षित छ ।

९. यो झुट, कूट, फुट, लुट र भुटको लक्ष्य-उद्देश्यकेन्द्रृत छ ।

१०. यो हेपाहा-मिचाहा, हुकुम-हैकमवादी, हस्तक्षेपकारी र हैरान-परेसानकारी छ ।

११. यो तपाईं शासकहरूभन्दा माथि, हामी जनताभन्दा माथि, संविधानभन्दा माथि र तपाईं-हाम्रो सोंच, शक्ति, बुद्धि र कल्पना भन्दा माथि र विपरीत समेत छ ।

१२. यसै भएर त यसलाई मात्रै सदनबाटै पास गर्नेपर्ने, यगत मबतभम भैसक्दा पनि यो कथित सहयोग दिनै-लिनै पर्ने, लिनेलाईभन्दा दिनेलाई हतारो र चटारो हुने, पारित भएपछि कार्यान्वयन हुनुपर्नेमा पारित नहुँदै कार्यान्वयन गर्नु-गराउनुपर्ने भनिएको छ ।

१३. त्यसैले स्पष्ट होऔं कि यो एमसीसीसंगको नेपालले गर्ने भनिएको सम्झौता अस्वाभाविक, असंवैधानिक, आश्चर्यजनक, रहस्यमय, षड्यन्त्रपूर्ण र अमृतको लेपन लगाइएको बीष भरिएको भष्मासुरे चरम राष्ट्रघाती आयोजना नै हो ।

१४. ल भन्नुहोस् त, यस्तो सर्वघाती एमसीसी परियोजना किन स्वीकार गर्ने र किन खारेज नगर्ने ? के बौलाहा कुकुरले टोकेको हो र ?

होइन भने त यो एमसीसी सम्झौता संशोधन, सम्बोधन, संकल्प र स्वीकार होइन कि अविलम्ब खारेज नै गरिनुपर्छ। यदि यो वास्तविकता बुझ्न र साहस गर्न हाम्रो शासनसत्ता संचालनाङ्गहरू- सरकार, सदन, शक्ति, संघसंस्था र संगठनका सिनियर र सदस्यहरूले नसक्ने अर्थात् आफ्नो बुद्धि, विवेक र बलबुताको प्रयोग गर्नेतर्फ केही नसोंच्ने र नगर्ने तर खाली दलाली, चाकरी, चाप्लुसी र हजुरी गरेर हसुरी मात्रै रहने हो भने हामी सार्वभौम र शक्तिशाली समुदाय र समाजले सचेत, संवेदनशील, सुसंगठित, एकताबद्ध, गम्भीर र जिम्मेवार भएर सोंच्ने, घोंच्ने, झोंस्ने र ठोस्ने गरेर खारेज नै गर्नु-गराउनुको विकल्प छैन । चेतना र साहस भया ।

*(लेखक शर्मा एमसीसी खारेज अभियानका संयोजक हुन् ।)*

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल

सूचना

१. स्वास्थ्य र पौष्टिक खान खाऔं, नियमित स्वास्थ्य जाँच गरौं,
२. हाम्रो नगरको पहिचान संस्कृति, गौरव र अस्तित्व विशिष्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाइ र विकास निर्माणमा सबै स्थानीय जनता जागरुक होऔं,
४. बच्चा ५ वर्ष नपुगुञ्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनुपर्ने पोषिलो खानेकुराबारे जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौं,
५. म्याद गएको सामग्रीहरूको बिक्रीवितरणमा रोक लगाऔं, उपभोक्ताको जीवनसँग खेलवाड नगरौं,
६. बोटविरुवा रोपौं, गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ, सफा र हराभरा बनाऔं ।
७. नगरपालिकाबाट सञ्चालित हरेक गतिविधिहरूमा सहभागी बनौं, जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौं ।
८. समयमै नगरपालिकामा कर तिरौं, आफ्नो सम्पत्तिको वैधता स्थापित गरौं ।

गोकर्णेश्वर नगरपालिका









प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।